# विद्यालय सुधार योजना
# पञ्चवर्षीय योजना
## (२०७९ देखि २०८३ सम्म)

## १. विद्यालयको परिचय :

### *१.१ ऐतिहासिक पृष्ठभूमि :*

सिन्धुली जिल्लाको सदरमुकाम नजिकै रहेको यस श्री जनज्योति माध्यमिक विद्यालय फोस्रेटारको स्थापना २०२८ सालदेखि स्थानीय शिक्षाप्रेमी समाजसेवीहरुको सक्रियतामा पिपलको रुखमुनी गाउँघरका पढ्ने बेला भएका बालबालिकाहरु जम्मा गरी पढाउने कार्यबाट शुरु भयो । यसरी सबैको सक्रियता तथा लगनशीलताबाट वि.सं २०३१ सालमा प्रा.वि.तहको स्थायी स्वीकृति र २०४५ सालमा स्थानीय अभिभावकहरुसँग चन्दा उठाई नीजिस्रोतबाट मा.वि.तहको अनुमति प्राप्त गरी १० कक्षासम्म सञ्चालन हुँदै आएकोमा २०६० सालमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् शिक्षाप्रेमी श्री अम्वरदीप देवकोटाको विशेष सक्रियता, सहयोग र स्थानीय अभिभावकको तीब्र इच्छामा विद्यालयबाट संस्थापक, आजीवन सदस्य र संस्थापक विशिष्ट सदस्यता जारी गर्दै उठाइएका रकम विद्यालयको मुद्दती खातामा जम्मा गरी उच्च माध्यमिक शिक्षा परिषदबाट १०+२ (शिक्षा संकायतर्फ) स्वीकृत प्राप्त गर्न सकियो । यसै गरी उच्च माध्यमिक विद्यालयलाई वि.एड. सञ्चालन गर्न शिक्षाविद, वुद्धिजिवी एवम् समाजसेवीहरुको योगदानबाट २०६३ सालमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भयो । २०६७ सालमा एम.एड. पनि सञ्चालन गरी २०६८ सालमा सिटिइभिटीबाट अनुमति लिई १८ महिने कृषि जे.टि.ए. कक्षा,२०७१ भदौमा २९ महिने बाली विज्ञान र २०७२ सालदेखि ३ वर्षे आइ.एस्सी. एजी. कक्षा र २०७५ सालमा १८ महिने पशु विज्ञान सञ्चालन भइरहेको छ ।

हाल यस विद्यालयको भौतिक सुधार तर्फ करिब २ विघा जमीनमा रहेको १० वटा भवन, ६६ वटा कोठाहरु मध्येमा २ कोठा शिक्षक स्टाफ, २ कोठा प्र.अ., २ कोठा कर्मचारी (लेखा), १ सभाहल, २ कोठा वौद्धिक अपाङ्गता कक्षा, १ कोठा बालकक्षा, १ कोठा कम्प्युटर कक्षा , २ कोठा स्टोर, २ कोठा विज्ञान प्रयोगशाला, १ कोठा गणित प्रयोगशाला, २ कोठा पुस्तकालय, १ कोठा तहगत संयोजक कक्ष, १ कोठा सहायक प्रअ.कक्ष, १ कोठा सूचना अधिकारी कक्ष, १ कोठा विव्यस.कक्ष, १ कोठा पाले कक्ष, १ कोठा अतिथि कक्ष, १ कोठा नेपाल जु.रे.सर्कल कोठा, बाल क्लव कोठा, र बाँकी सबै कोठाहरुमा कक्षा सञ्चालन भइरहेको छ । प्रा.वि., नि.मा.वि, मा.वि., र कृषि जेटिए १८ पशु विज्ञान १८ महिने र ३ वर्षे (I.SC.Ag) सहित **१५४८** विद्यार्थीहरुको लागि कक्षा सञ्चालन भइरहेको छ । विद्यार्थीहरुको अत्यधिक चापका कारणले गर्दा कक्षा सञ्चालन गर्दा सेक्सन खोली अध्ययन अध्यापन भइरहेका छन् । यसका लागि हामीलाई बढी कक्षाकोठाको आवश्यकता परिरहेको छ । विद्यार्थी संख्याको कारणले गर्दा गुणस्तरीय शिक्षाको अभाव विषयगत तथा कक्षागत औसतमा वृद्धि आउन सकिरहेको छैन । यसको लागि शिक्षक दरवन्दि थप्नुपर्ने र विद्यार्थीको चापको लागि आवश्यक शैक्षिक , भौतिक तथा व्यवस्थापन पक्षमा जोड दिनुपर्ने देखिन्छ । यिनै समस्यालाई मध्य नजर राखी यस विद्यालयमा एउटा सरस्वतीको मन्दिर, छात्राहरुलाई छात्रामैत्री ५ कोठाको शौचालय, छात्रहरुलाई एउटा छात्रमैत्री शौचालय र शिक्षक स्टाफहरुलाई ४ शौचालय, बालकक्षा एक शौचालय गरी जम्मा ११ शौचालय भएता पनि छात्रछात्राहरुको संख्या धेरै भएकाले छात्रछात्राहरुका लागि शौचालय अझ कमि भएको देखिन्छ ।

उक्त कार्यक्रमहरु स्थानीय स्रोत, शिक्षकहरुको सञ्चयकोष सापटी, जापानी संस्था टिफा ( बालिका आनन्द गृह) लियो क्लब अफ सिन्धुली, बेलायती नागरिक किष्टन हिल, ने.का.सांसद

होमराज दाहाल, नेकपा एमालेका राष्ट्रिय सभाका सांसद श्री गोमा देवकोटा, नेपाल रेडक्रस सोसाइटी सिन्धुली, सिन्धुली बनेपा सडक निर्माण कर्ता श्रेष्ठ कन्स्ट्रक्सनका श्री अशोक श्रेष्ठ, सिड्स नेपाल, प्लान नेपाल तथा अन्य एनजिओ र आइएनजिओले आर्थिक एवम् प्राविधिक सहयोग दिनुभएकोमा धन्यवाद दिन चाहान्छौँ ।

यसै गरी नमूना विद्यालय अन्तर्गत ४ तले प्रशासनिक भवन निर्माण सम्पन्न भएको तथा प्राथमिक तहका बालबालिकाहरुका लागि पनि भवन निर्माणाधिन अवस्थामा रहेको छ । र बाँकी जमीनमा खेल मैदान र नेपाल स्काउट, नेपाल वातावरण संरक्षण (एक्का) अन्तर्गत प्रकृति क्लब, नेपाल जुनियर रेडक्रस सर्कल, बाल क्लव, गठन गरी शिक्षक, शिक्षिका, विद्यालयका विद्यार्थी भाइबहिनीहरुको सक्रियतामा वृक्षारोपण, फुलबारी निर्माण, सरसफाइ कार्यक्रमहरु भइरहेका छन् ।

यस विद्यालयको भौतिक सुधार तर्फ राम्रो देखिए तापनि दलित, जनजातिहरुका बालबालिकाहरु कम भर्ना हुनु, कक्षामा नियमितता नहुनु, विचैमा कक्षा छाड्नु, अभिभावकहरुले आफ्ना छोराछोरीहरुको पढाइप्रति खासै चासो नदेखाउनु वा विद्यालयमा आफ्ना छोराछोरीको उपस्थितिबारे समय समयमा विद्यालयमा आएर जानकारी नलिनु आदि समस्याहरु देखिएका छन् भने अर्को तर्फ विद्यार्थी अनुपातमा शिक्षकको दरवन्दि कमी, कक्षाकोठा, फर्निचरको अभाव, विद्यालय घेराबेरा नहुनु, पुस्तकालय, छात्रवास भवन, शिक्षक, स्टाफ, कक्षा कोठा पर्याप्त नहुनु, खानेपानीको कमी, खहरे नियन्त्रण जस्ता भौतिक निर्माणका समस्या देखा पर्नु, छात्र र छात्रा शौचालयको कमी आदि समस्या अझै विद्यमान रहेका छन् ।

***विद्यालयको संक्षिप्त इतिहास :***

पिपलको बोटमुनिबाट शुरुवात भएको यस विद्यालयको स्थापना २०२८ सालमा भएको हो । यस क्षेत्रका समाजसेवी, वुद्धिजिवि तथा स्थानीय अभिभावकहरु स्व. केदारनाथ अधिकारी, स्व. छविलाल ढकाल, स्व.विष्णुप्रसाद अधिकारी, स्व.टिकाप्रसाद अधिकारी, श्री रामजी ढकाल, स्व.सूर्यप्रसाद ढकाल, स्व.खड्गबहादुर देवकोटा, स्व.गणेशबहादुर देवकोटा आदि हुनुहुन्थ्यो ।

त्यसै गरी प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिमा रही विशेष भूमिका निभाउनु हुने प्रधानाध्यापक तथा अध्यक्षहरुमा श्री फाल्गुणी शर्मा तिमल्सिना, श्री अम्वरदीप देवकोटा, श्री भीम विक्रम थापा र श्री माणिक ढकाल हुनुहुन्छ । त्यस्तै विद्यालयमा भौतिक सुधार तर्फ अहोरात्र खटेर कार्य गर्ने अभिभावकहरुमा श्री दिपक ढकाल, श्री जनक ढकाल, श्री केशवप्रसाद अधिकारी, श्री राजनप्रसाद कोइराला र सरोज प्रसाद ढकालको योगदान अविस्मरणीय रहेको छ ।

साथै मरुभूमि जस्तो देखिने विद्यालय कम्पाउण्डमा स्काउट, जुनियर रेडक्रस सर्कल, प्रकृति क्लब, बाल क्लबको सक्रियतामा विद्यालय कम्पाउण्डमा हरियाली बनाउन विशेष योगदान रहेको छ ।

जनताद्वारा स्थापित यस विद्यालयको नामाकरण पनि २०२८ सालमा जनज्योति प्राथमिक विद्यालय राखियो । वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजना लागु भएपछि वि.स. २०३१ सालमा बल्ल सरकारी सामुदायिक विद्यालयको रुपमा स्थापित हुन पुग्यो । स्थानीय अभिभावककै सक्रियतामा काठका भूइ घरहरु निर्माण भए । त्यसपछि २०५१ सालमा पहिलो पटक एस.एल.सी. परीक्षामा यो विद्यालय सामेल भयो । यसको एक दशक भित्रै १०+२ तहमा शिक्षा,मानविकी, कानुन वाणिज्य तथा विज्ञान विषयका कक्षाहरु सञ्चालन हुन पुगेँ । यसैगरी वि.सं. २०६८ साल भदौमा CTEVT बााट सम्बन्धन लिएर १८ महिने कृषि जेटिए र वि.सं.२०७१ सालमा २९ महिने कृषि जेटिए, वि.स. २०७२ सालमा कृषि बाली विज्ञान तीन वर्षे डिप्लोमा र २०७३ सालमा १४ को भूकम्प प्रभावित विद्यार्थीहरुलाई अध्यापन गराइएको । २०७५ सालमा १८ महिने कृषि पशु विज्ञान कक्षाहरु सञ्चालन हुँदै आएकाछन् । वौद्धिक अपाङ्ग स्रोत कक्षासमेत यसै विद्यालयको हाताभित्र सञ्चालन हुँदै आइरहेको छ ।

यसरी विद्यालयलाई यो अवस्थासम्म ल्याइ पु्याउन स्थानीय अभिभावकहरुको महत्वपूर्ण योगदान रहेको छ जुन सवैको लागि अनुकरणीय समेत बन्न पुगेको देखिन्छ ।

यसै गरी नेपालको संविधानको अपेक्षा अनुरुप विद्यालय क्षेत्र विकास योजना (SSDP) ले यसको कार्यान्वयन अवधिभित्र स्थानीय एकाइहरुमा सञ्चालन भइरहेका मध्ये १००० माध्यमिक विद्यालय क्रमशः नमुना विद्यालयमा रुपान्तरण गर्ने नीतिगत व्यवस्था गरेको छ । यसै सन्दर्भमा सामुदायिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधि मार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरुलाई प्रभावकारी बनाई प्रवर्तनात्मक अभ्यासमार्फत विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सामुदायिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने नमुना विद्यालयको आवश्यक्ता महसुस गरी विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार देशभरबाट नमुना विद्यालय विकास तथा सञ्चालनका लागि छनौट गर्ने क्रममा यस विद्यालय पनि शिक्षा मन्त्रालयको मिति २०७४/०३/१५ र २०७४/०३/२५ को निर्णय अनुसार समाविष्ट भएको हो ।

यसरी छनौटमा परेको यस विद्यालयद्वारा नमुना विद्यालय विकासका लागि निर्धारित ढाँचामा विद्यालय सुधार गुरुयोजना तयार गरिएको छ ।

***स्थापना कालदेखि हालसम्मका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली र अवधि***

| क्र.सं. | नाम थर | पदावधि |
|---|---|---|
| १ | श्री फाल्गुणी शर्मा (तिमल्सिना) | २०२८/०७/२८ देखि २०३१/०८/२९ सम्म (संस्थापक अध्यक्ष) |
| २. | स्व.गुणराज ढकाल | २०३१/०८/३० देखि २०३६/०३/१३ सम्म |
| ३. | स्व.लिलानाथ ढकाल | २०३६/०५/०३ देखि २०४६/१२/०५ सम्म |
| ४. | श्री माणिक ढकाल | २०४७/०१/०७ देखि २०५४/०६/१३ सम्म |
| ५ | श्री कृष्णहरि अधिकारी | २०५४/०८/१३ देखि २०५४/१०/०८सम्म |
| ६. | श्री माणिक ढकाल | २०५४/१२/१८ देखि २०५९/०५/०१ सम्म |
| ७. | श्री अम्वरदीप देवकोटा | २०५९/०५/२९ देखि २०६६/०२/२१ सम्म |
| ८. | श्री माणिक ढकाल | २०६६/०२/२४ देखि २०७६/०९/२४ सम्म |
| ९. | श्री पूर्ण बहादुर खड्का वडाध्यक्ष | २०७६/१०/२६  देखि हालसम्म |

**२०२८ सालमा विद्यालय स्थापना गर्दाका संस्थापक सदस्यहरु :**

| क्र.सं | नाम थर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | स्व.छविलाल ढकाल | सिद्धेश्वर ४ गैयाटार सिन्धुली | संस्थापक सदस्य | |
| २ | स्व. टिका प्रसाद तिमल्सिना | सिद्धेश्वर ४ गैयाटार सिन्धुली | संस्थापक सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| ३. | स्व. केदारनाथ अधिकारी | सिद्धेश्वर ४ गैयाटार सिन्धुली | संस्थापक सदस्य | |
| ४ | स्व. विष्णु प्रसाद अधिकारी | सिद्धेश्वर ४ विष्णुनगर सिन्धुली | संस्थापक सदस्य | |
| ५ | स्व. धर्म प्रसाद अधिकारी | सिद्धेश्वर ४ गैयाटार सिन्धुली | संस्थापक सदस्य | |

***स्थापना कालदेखि हालसम्मका प्रधानाध्यापकहरुको नामावली र पदावधि***

| क्र.सं. | नाम थर | पदावधि |
|---|---|---|
| १ | श्री कृष्णप्रसाद ढकाल | २०२८/०७/२८देखि२०२८/१२/३० सम्म |
| २. | श्री रामगुलाम मिश्र | २०२९/०१/०८ देखि २०२९/०८/१५ सम्म |
| ३. | स्व गंगाभक्त श्रेष्ठ | २०२९/०९/०१ देखि २०२९/१२/१७ सम्म |
| ४. | श्री कृष्ण कुमार गौतम | २०३०/०१/०३ देखि २०३०/१२/१८ सम्म |
| ५ | श्री अच्युतमप्रसाद अधिकारी | २०३१/०१/०२ देखि २०३१/०९/०८सम्म |
| ६. | श्री गुणराज पोखरेल | २०३१/०९/०९ देखि २०३५/११/०९ सम्म |
| ७. | श्री विजयनारायण महतो | २०३५/११/१० देखि २०३६/०५/०६ सम्म |
| ८. | श्री ऋद्धिनाथ कट्टेल | २०३६/०५/०७ देखि २०४३/१०/२६ सम्म |
| ९. | श्री गुणराज पोखरेल | २०४३/१०/२७ देखि २०४९/०९/०८ सम्म |
| १० | श्री अम्वरदीप देवकोटा | २०४९/०९/०९ देखि २०५५/०९/०५ सम्म |
| ११ | श्री भीमविक्रम थापा | २०५५/०९/०७ देखि २०७९/०४/१२ सम्म |
| १२ | श्री योगेन्द्र प्रसाद अधिकारी | २०७९/०४/१३ देखि |

***प्राविधिक धारतर्फका संयोजकहरुको नामावली तथा पदावधि :***

(२९,१८ महिने ३ वर्षे बालीविज्ञान तथा पशुविज्ञान)

| क्र.सं. | संयोजकको नाम थर | अवधि | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | श्री क्षितिज खत्री | २०६८/०५/०१ | २०६९/०४/३२ | |
| २ | श्री अनिल पौडेल | २०६९/०५/०१ | २०७०/०९/०१ | |
| ३ | श्री विशेश्वर कुशवाहा | २०७०/०९/०१ | २०७१/०५/०६ | |
| ४ | श्री जीवन पाण्डे | २०७१/०५/०८ | २०७२/०५/०१ | |
| ५ | श्री कुमार श्रेष्ठ | २०७२/०५/०६ | २०७३/०४/३२ | |
| ६ | श्री सुवास देवकोटा | २०७३/०५/०१ | २०७५/११/०२ | |
| ७ | श्री टोप गुरुङ | २०७५/११/०३ | २०७६/१२/०९ | |
| ८ | श्री अविनाश श्रेष्ठ | २०७६/१२/१० | २०७७/०९/०१ | |
| ९ | श्रीसञ्जिव सुनुवार | २०७७/१०/०४ | २०७८/१२/३० | |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री विवेक निरौला | २०७९/०१/०८ | निरन्तर | |

## *१.२ भौगोलिक अवस्था*

महाभारत पहाडको काखमा रहेको सिन्धुली जिल्ला प्रशिद्ध एक ऐतिहासिक स्थल पनि हो । १० ओटा भन्दा बढी जिल्लासँग जोडिएको यो जिल्लामा विविध भौगोलिक अवस्था पाइन्छ । यसको सिमानामा सुनकोशी नदी एकातिर बग्दछ भने मरिण, चदाहा, कमला, ग्वाङ, गडौली जस्ता खोला नालाहरु समेत पर्दछन् । मरिण खोलाको तीरमा रहेका रमणीय फाँटदेखि च्याउँकोट, गोलोन्जोर र ल्यान्द्रयाङ, फिक्कल जस्ता पहाडहरु पनि यसै जिल्लामा पर्दछन । शारांशमा भन्दा प्राकृतिक रुपमा यो जिल्ला साह्रै रमणीय देखिन्छ ।
कमलामाई नगरपालिका वडा नं. ५, फोस्रेटारमा अवस्थित यस श्री जनज्योति माध्यमिक विद्यालय यस भेगका जनताको ढुकढुकी हो । यसको उत्तर दक्षिण भएर राजपानी खहरे खोला वग्दछ भने ग्वाँङ खोला यसको पूर्वपट्टि मात्र बग्दछ । यस्तै पूर्वपट्टि नै प्रशिद्ध शिद्धबाबाको मन्दिर पर्दछ भने पश्चिममा चुरे पहाडको रमणीय जंगल पर्दछ । यसका आसपासमा गैंयाटार, ढकालगाउँ, बोझे, रानीखोला, मिलनचोक, धुरा बजार, धुरा फाँट, सातपत्रे, दमार, पोखेल गाउँ, साङ्वाले, जस्ता टोलहरु पर्दछन् । यी टोलहरु आ-आफ्ना ठाउँमा अति आकर्षक देखिन्छन् । यस भेगको भौगोलिक बनावट सबै एकैनासको पाइदैन । यसरी विविध भौगोलिक अवस्थामा गाउँ टोलहरु छरिएर रहेका छन् ।

**विद्यालयको भौगोलिक नक्सा :**






गैंयाटार र ढकालगाउँको बीच सुन्दर नगरीमा जनज्योति मा.वि. हाल अवस्थित छ। यो विद्यालय कमलामाई नगरपालिका वडा नं. ५ प्रदेश नं. ३, जिल्ला सिन्धुली अन्तरगत प्रदेशसभा निर्वाचन क्षेत्र नं. २(क) मा रहेको छ । यसको पूर्वपट्टि मिलनचौक, पश्चिममा राजपानी, उत्तरमा ढकालगाउँ र दक्षिणमा गैयाटार पर्दछ । उत्तर दक्षिण भएर राजपानी खहरे विद्यालयको छेउबाट बगेको छ । विद्यालयवाट ५० मीटर भित्रै हेटौडाँ चतरा जाने कच्ची बाटो पर्दछ भने सिन्धुली वसपार्कबाट २.५ कि.मी. उत्तर पश्चिममा विद्यालय रहेको छ । यो विद्यालय अक्षांश $27^{0}13'$ N , देशान्तर $85^{0}54'$ E र समुन्द्र सतह देखि 510 मि. उचाई मा अवस्थित छ । यति हुँदाहुँदै पनि यस विद्यालय क्षेत्र विभिन्न चट्याङ्ग, राजपानी खहरे बाढी, जमिन कटानका कारण यस भेग वरिपरिका समुदाय मिलन चोक, फोस्रेटारसहितका वस्तीहरु जोखिम अवस्थामा रहेकोले यसलाई विस्तृत योजना बनाइ तुरुन्त कार्यान्वयन गर्नुपर्ने अवस्था देखिन्छ ।

### *१.३ विद्यालय रहेको समुदायको बनोट*

विद्यालय आसपास बहु जाति, धर्म, संस्कृति र संस्कार भएका जातजातिको बसोबास रहेको छ । तथापि दलित र जनजाति विद्यार्थीहरुको विद्यालयमा बाहुल्यता रहेको छ । सीमान्तकृत समुदायका छात्र/छात्राको पनि उपस्थिति रहेको यस विद्यालयका प्रत्येक कक्षामा छात्रको भन्दा छात्राको संख्या अधिक रहेको छ ।

### *१.४ विद्यालय सेवा क्षेत्र*

विद्यालयको सेवा क्षेत्र गैंयाटार, ढकालगाउँ, राजपानी, बोझे, चिसापानी झोरा, रानीखोला, धुराबजार, फाँट, मिलनचौक, ढुंग्रेबास, मल्लागाउँ, चियाबारी, साङ्बाले, खट्टार, पोखरेल गाउँ, सातपत्रे, चुवाबोटे रहेका छन् ।




### *१.५ विद्यालयमा सञ्चालित कार्यक्रम*

हाल यो विद्यालय बाल कक्षा देखि १२ कक्षासम्म सञ्चालनमा रहेको छ । १०+२ कक्षामा शिक्षा, वाणिज्य, मानविकी, कानुन तथा विज्ञान विषयका कक्षाहरु सञ्चालित छन् । CTEVT वाट सम्बन्धन लिई १८ महिने कृषि (जेटिए), १८ महिने पशु विज्ञान, तीन बर्षे कृषि बाली विज्ञान र यसैगरी बौद्धिक अपाङ्ग स्रोत कक्षा समेतमा अध्यापन भई रहेको छ ।

**हाल अध्यापन गराइएका ऐ. विषयहरु**

| क्र.सं. | कक्षा | ऐ.विषय प्रथम पत्र | ऐ.विषय द्वितिय पत्र | कैफियत | |
|---|---|---|---|---|---|
| १ | ९ | गणित, अर्थशास्त्र, समाजशास्त्र, | स्वास्थ्य तथा शारीरिक शिक्षा | | |
| २ | १० | गणित, अर्थशास्त्र, समाजशास्त्र, | स्वास्थ्य तथा शारीरिक शिक्षा | | |
| | | | | | |
| क्र.स. | कक्षा | **शिक्षा शास्त्र संकाय** | **वाणिज्य संकाय** | **मानविकी** | **विज्ञान** |
| १ | ११ | अंग्रेजी, नेपाली, गणित, स्वास्थ्य तथा शारीरिक शिक्षा, जनसंख्या शिक्षा | अंग्रेजी, नेपाली, लेखा, व्यवसायिक अध्ययन अर्थशास्त्र | अंग्रेजी, नेपाली, समाजशास्त्र, जनसंख्या, गणित, कानुन, स्वास्थ्य तथा शारीरिक शिक्षा | विज्ञान |
| २ | १२ | अंग्रेजी, नेपाली, गणित, स्वास्थ्य तथा शारीरिक शिक्षा, जनसंख्या शिक्षा,बाल विकास र सिकाइ | अंग्रेजी, बजारशास्त्र, लेखा, अर्थशास्त्र, व्यवसायिक अध्ययन | अंग्रेजी, स्वास्थ्य शारीरिक शिक्षा, समाजशास्त्र, गणित, कानुन, जनसंख्या शिक्षा, बाल विकास र सिकाइ | |

## २. विद्यालय सुधार योजना निर्माण प्रक्रिया :
विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयले अवलम्बन गरेको चरणवद्ध प्रक्रियालाई निम्नानुसार संक्षेपीकरण गरिएको छ ।

### *२.१. पछिलो विद्यालय सुधार योजनाको समीक्षा :*

**राम्रा पक्ष :** पछिल्लो विद्यालय सुधार योजना कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु :

- विद्यालय भवन निर्माण,
- विद्यालय पोशाक अनिवार्यता,
- अतिरिक्त क्रियाकलापका लागि समूह विभाजन,
- विद्यार्थीहरुको सदन विभाजन,
- बालमैत्री शिक्षण,
- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP),
- शिक्षक निर्देशिकाको प्रयोगसहितको कक्षा शिक्षण,
- पाठयोजना सहितको कक्षा शिक्षण,
- इन्टरनेटको सुविधा,
- श्रव्यदृश्य सामग्री सहितको कक्षा शिक्षण सिकाइ,
- कम्प्युटर कक्षा साथै टि.भी.को व्यवस्था,
- विज्ञान प्रयोगशाला,
- स्मार्ट बोर्ड सहितको ICT Lab को व्यवस्था,
- गणित प्रयोगशाला,
- कम्प्युटर कक्षा साथै बालकक्षामा टि.भी.को व्यवस्था,
- अपाङ्मैत्री खेल परिसरको व्यवस्था,
- पुस्तकालय, वाचनालय व्यवस्था,
- चमेना गृह व्यवस्था,
- प्राथमिक उपचारका लागि नर्सको व्यवस्था
- बालमैत्री कक्षा कोठाको व्यवस्थापन,
- शुद्ध खानेपानीको व्यवस्था,
- छात्राछात्रमैत्री सुविधायुक्त शौचालयको व्यवस्था,
- सीसि क्यामेराको व्यवस्था,
- इलेक्ट्रिक हाजिरीको व्यवस्था,
- बुक कर्नरको व्यवस्था,
- खहरे नियन्त्रणको लागि पर्खाल निर्माण ।

**सुधारात्मक पक्ष :**

- विद्यार्थी अनुपातमा शिक्षक दरवन्दि हुनुपर्ने,
- पर्याप्त कक्षाकोठाको व्यवस्था हुनुपर्ने,
- विद्यालय घेराबेराको तुरुन्त व्यवस्था गर्नु पर्ने,
- विद्यार्थी अनुपातमा कम्प्युटरको व्यवस्था हुनुपर्ने,
- शैक्षिक सामग्रीको निर्माण र व्यवस्थापन गर्नुपर्ने,
- कक्षागत रुपमा स्मार्ट तथा प्रोजेक्टरको व्यवस्था गर्नु पर्ने,

- विद्यार्थी अनुपातमा बुक कर्नरको व्यवस्था गर्नुपर्ने,
- पूर्ण रुपमा खहरे नियन्त्रण गर्नुपर्ने,
- विद्यार्थी पोशाकको रुपमा ट्रयाकसुटको व्यवस्था,
- ड्रमसेटको व्यवस्था गरी विद्यार्थीलाई पिटी गराउनु पर्ने,
- विद्यालय हरियाली कार्यक्रम सुदृढीकरण गर्नुपर्ने,
- खेलमैदान व्यवस्थापन गर्नुपर्ने ।

### *२.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया :*

**क) कार्यदल गठन**

मिति २०७९ साल भाद्र ९ गते विद्यालय व्यवस्थापन समिति सहित विद्यालयका मुख्य सरोकारवाला सम्मिलित कार्यशालका माध्यमबाट प्र.अ. को संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि, शिक्षक अभिभावक संघको प्रतिनिधि, शिक्षाप्रेमी र शिक्षक समेतको प्रतिनिधित्व हुने गरी निम्न बमोजिमको ५ सदस्यीय विद्यालय सुधार योजना निर्माण कार्यदल गठन गरियो ।

| क्र.स | नम,थर | पद |
|---|---|---|
| १. | श्री योगेन्द्र प्रसाद अधिकारी | संयोजक |
| २. | श्री निरन्जन ढकाल | सदस्य |
| ३. | श्री भवानी वि.क. | सदस्य |
| ४. | श्री प्रशिद्धा शर्मा | सदस्य |
| ५. | श्री लक्ष्मीराज श्रेष्ठ | सदस्य |

**ख) तथ्याङ्क संकलन विश्लेषण :**

मिति २०७९ साल भाद्र ९ गते गठन भएको विद्यालय सुधार योजना निर्माण कार्यदलले भाद्र ९ गतेदेखि नै तथ्याङ्क संकलन गरी तथ्याङ्क विश्लेषण तथा त्यस उपर सुझाव संकलन कार्यशाला मिति २०७९ भाद्र २४ र २५ गते सञ्चालन गरियो ।

**यसबाट प्राप्त सुझावहरु :**

- विद्यालयको सिकाइ उपलब्धिस्तर अझ वृद्धि गर्न सिकाइ उपलब्धि पूरा गर्न नसकेका विषयहरु किटान गरी त्यसलाई पूरा गर्ने रणनीतिहरु समावेश गर्नुपर्ने,
- कक्षा ६ देखि १० सम्म क्रमशः एउटा सेक्सन अंग्रेजी माध्यमबाट पठनपाठन शुरु गराउने ।
- विद्यार्थीको उपस्थितिदर वृद्धि गर्न थप रणनीति तय गर्नुपर्ने,
- विद्यालयको जिन्सी सामग्रीहरुको लेखा व्यवस्थित र वार्षिक रुपमा अध्यावधिक गर्ने व्यवस्था समावेश गर्नुपर्ने,
- विद्यालयको कम्पाउण्ड(घेराबेरा) निर्माण तथा ग्राउण्ड व्यवस्थापन गरिनुपर्ने,
- शुद्ध पिउने पानीको व्यवस्थापन गरिनुपर्ने,
- विद्यार्थी संख्याको अनुपातमा थप शौचालय निर्माण गरिनुपर्ने,
- विद्यार्थी संख्या वृद्धि गर्न थप रणनीति अपनाउनुपर्ने,
- नमूना विद्यालयको भौतिक निर्माण कार्यलाई निरन्तरता दिने,
- हरित विद्यालय व्यवस्थापन गर्ने,
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्थापनका लागि पहल गर्नुपर्ने,
- विद्यार्थीलाई योग प्रशिक्षण गराउने,
- ड्रमसेटको व्यवस्थापन गरी पिटी व्यवस्थापन गराउने,
- सदन अनुसार विद्यार्थी पोशाकको रुपमा ट्र्याकको व्यवस्थापन गर्ने ।

**ग) विव्यसमा पेश र स्वीकृति :**

मिति शाला मिति २०७९ भाद्र २५ गते बसेको विद्यालय सुधार योजना निर्माण कार्यदलको बैठकले प्राप्त सुझावहरुलाई समेट्दै अन्तिम मस्यौदा तयार गरी स्वीकृतिको लागि विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।

मिति २०७९/०५/२६ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले यस विद्यालय सुधार योजनालाई स्वीकृत गरेको छ ।

## ३. विद्यालयको अवस्था विश्लेषण :

### *३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण :*

**वर्तमान विद्यालय व्यवस्थापन समिति विवरण (गठन मिति : २०७६/१२/०१)**

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री पूर्ण बहादुर खड्का | वडाध्यक्ष कनपा ५ |
| २ | श्री फाल्गुणी शर्मा तिमल्सिना | सदस्य |
| ३ | श्री माणिक कुमार ढकाल | सदस्य |
| ४ | श्री निरञ्जन ढकाल | सदस्य |
| ५ | श्री टंकध्वज थापा | सदस्य |
| ६ | श्री विष्णुमाया वि.क. | सदस्य |
| ७ | श्री शोभा दाहाल | सदस्य |
| ८ | श्री लक्ष्मीराज श्रेष्ठ | शिक्षक प्रतिनिधि |
| ९ | श्री योगेन्द्र प्रसाद अधिकारी | सदस्य सचिव |

**वर्तमान शिक्षक अभिभावक संघ (गठन मिति : २०७८/३/२१)**

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री भवानी वि.क. | संयोजक |
| २ | श्री योगेन्द्र प्रसाद अधिकारी | प्रधानाध्यापक |
| ३ | श्री पूर्ण बहादुर खड्का | वडाध्यक्ष |
| ४ | श्री तिलक प्रसाद चौलागाई | अभिभावक |
| ५ | श्री तोयानाथ गौतम | अभिभावक |
| ६ | श्री बुद्ध कुमारी बम्जन | अभिभावक |
| ७ | श्री अनिता घिमिरे | सदस्य |
| ८ | श्री रमण प्रसाद ढकाल | सदस्य |
| ९ | श्री प्रशिद्धा शर्मा | सदस्य |
| १० | श्री विमला कुमारी काफ्ले | सदस्य |
| ११ | श्री हरि बहादुर देवकोटा | सदस्य सचिव |

### ३.१.१ कक्षागत विद्यार्थीको विवरण :

बालकक्षा देखि कक्षा १२ सम्म सञ्चालित यस विद्यालयको चालु शैक्षिक सत्र २०७९ को कक्षागत विद्यार्थी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ :

***(नोट : कक्षा ११ को भर्ना कार्यक्रम निरन्तर भइरहको छ । )***

**तालिका-१. कक्षागत विद्यार्थीको प्रोफाइल**

**साधारण धार तर्फ:**

| | जम्मा विद्यार्थी | | | दलित | | | जनजाति | | | बाहुन/क्षेत्री | | | सिमान्तकृत | | | बौद्धिक अपाङगता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| बाल विकास | 51 | 46 | **97** | 10 | 15 | **25** | 24 | 18 | **42** | 17 | 11 | **28** | 0 | 2 | **2** | 10 | 9 | **19** |
| कक्षा १ | 35 | 42 | **77** | 7 | 9 | **16** | 21 | 28 | **49** | 7 | 4 | **11** | 0 | 1 | **1** | 0 | 1 | **1** |
| कक्षा २ | 23 | 18 | **41** | 8 | 5 | **13** | 12 | 7 | **19** | 2 | 4 | **6** | 1 | 2 | **3** | 0 | 0 | **0** |
| कक्षा ३ | 24 | 40 | **64** | 7 | 16 | **23** | 11 | 17 | **28** | 4 | 6 | **10** | 2 | 1 | **3** | 0 | 1 | **1** |
| कक्षा ४ | 30 | 33 | **63** | 7 | 12 | **19** | 15 | 16 | **31** | 7 | 3 | **10** | 1 | 2 | **3** | 2 | 0 | **2** |
| कक्षा ५ | 46 | 37 | **83** | 7 | 5 | **12** | 34 | 22 | **56** | 4 | 7 | **11** | 1 | 3 | **4** | 0 | 1 | **1** |
| ५सम्म जम्मा | **209** | **216** | **425** | **46** | **62** | **108** | **117** | **108** | **225** | **41** | **35** | **76** | **5** | **11** | **16** | **12** | **12** | **24** |
| कक्षा ६ | 51 | 45 | **96** | 13 | 7 | **20** | 25 | 27 | **52** | 10 | 9 | **19** | 3 | 2 | **5** | 0 | 0 | **0** |
| कक्षा ७ | 65 | 55 | **120** | 11 | 11 | **22** | 42 | 31 | **73** | 12 | 10 | **22** | 0 | 3 | **3** | 0 | 0 | **0** |
| कक्षा ८ | 57 | 49 | **106** | 8 | 13 | **21** | 36 | 26 | **62** | 11 | 6 | **17** | 2 | 4 | **6** | 1 | 0 | **1** |
| **कक्षा ६–८जम्मा** | **173** | **149** | **322** | **32** | **31** | **63** | **103** | **84** | **187** | **33** | **25** | **58** | **5** | **9** | **14** | **1** | **0** | **1** |
| कक्षा ९ | 67 | 64 | **131** | 15 | 12 | **27** | 41 | 37 | **78** | 11 | 12 | **23** | 0 | 3 | **3** | | | |
| कक्षा १० | 52 | 55 | **107** | 15 | 15 | **30** | 28 | 27 | **55** | 9 | 12 | **21** | 0 | 1 | **1** | | | |
| कक्षा ९–१०जम्मा | 119 | 119 | **238** | 30 | 27 | **57** | 69 | 64 | **133** | 20 | 24 | **44** | 0 | 4 | **4** | | | |
| कक्षा ११ | १२० | ७६ | १९६ | ३० | ८ | ३८ | ७२ | ४७ | ११९ | १६ | २१ | ३७ | २ | | | | | |
| कक्षा १२ | 114 | 95 | **209** | 21 | 17 | **38** | 54 | 52 | **106** | 36 | 20 | **56** | 3 | 6 | **9** | | | |
| कुल जम्मा | 735 | 651 | **1390** | 159 | 145 | **304** | 415 | 355 | **770** | 146 | 125 | **271** | 15 | | | | | |

**(प्राविधिक धार तर्फ)**

**आइ.एसी.एजी. ३ वर्षे डिप्लोमा बाली विज्ञान, १८ महिने कृषि जेटिए तथा भेटेरीनरी कक्षामा अध्ययनरत विद्यार्थी विवरण :**

| क्र.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | | | कैफियत |
| | | छात्रा | छात्र | जम्मा | |
| १. | आइ.एस.सी.एजी. (कृषि) प्रथम वर्ष | 18 | 4 | 22 | |
| २. | आइ.एस.सी.एजी. (कृषि) दोस्रो वर्ष | 22 | 9 | 31 | |
| ३. | आइ.एस.सी.एजी. (कृषि) तेस्रो वर्ष | 23 | 13 | 36 | |
| ४. | पशु विज्ञान (१८महिने) | 24 | 16 | 40 | |
| ५. | कृषि जे.टि.ए. | 15 | 14 | 29 | |
| **जम्मा** | | **102** | **56** | **158** | |

**कुल विद्यार्थी संख्या = १५४८**

# सिकाइ उपलब्धि विवरण २०७८

| विषयगत, कक्षागत तथा तहगत सिकाइ उपलब्धि २०७८ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | विषय | | | | | | | | | | |
| | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | जनसंख्या | ऐ. प्रथम | ऐ. द्वितीय | | कक्षागत औषत | |
| १० | | | | | | | | | | | |
| ९ | 61.7 | 58.3 | 49.2 | 50.7 | 64.0 | | 61.4 | 69.0 | | 52.0 | |
| | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वास्थ्य | पेसा | | नैतिक | कम्प्युटर | |
| ८ | 63 | 70.3 | 49.1 | 65.9 | 65 | 71.3 | 72.3 | | 79.2 | 72.7 | 76.1 |
| ७ | 73.3 | 62.8 | 55.2 | 50.3 | 64.4 | 80.6 | 71 | | 76.9 | 71.8 | 70.8 |
| | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वास्थ्य | स्था.पा. | | | | |
| ६ | 70.8 | 66.1 | 61 | 72.7 | 65.7 | 70.1 | 68.9 | | | 67.91 | |
| तहगत औषत | 69 | 66.3 | 55 | 63 | 65 | 74 | 70.7 | | 78.1 | 72.5 | 71.6 |
| ५ | 69.7 | 57.6 | 48.1 | 63.7 | 58.8 | | 68.2 | | | 61.02 | |
| ४ | 76.6 | 82.6 | 69 | 77.4 | 74.6 | | 81.6 | | | 76.98 | |
| | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सेरोफेरो | स्था.पा. | | | | | |
| ३ | 73.4 | 83.7 | 62.1 | 75.4 | 83.3 | 81.8 | | | | 76.6 | |
| २ | 75.5 | 83.8 | 81 | 81.4 | 75.6 | 79.3 | | | | 79.4 | |
| १ | 75.3 | 83 | 72 | 74.8 | 75.4 | 68.3 | | | | 74.8 | |
| तहगत औषत | 74 | 78.2 | 66.4 | 74.6 | 73.54 | 75.8 | | | | 73.8 | |
| | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | परियोजना कार्य | | | | | | |
| के.जी | 76.8 | 78.3 | 72.1 | 84.9 | 80.3 | | | | | 78.5 | |
| विद्यालयको कूल औषत सिकाइ उपलब्धि : | | | | | | | | | | 70.29 | |

*२०७५, २०७६, २०७७ र २०७८ सालको को SEE नतिजा विश्लेषण :*

**२०७८ कक्षा १० (SEE) को नतिजा विश्लेषण :**

| GPA | विद्यार्थी संख्या | संख्या अनुसारको प्रतिशत |
|---|---|---|
| 3.2 – 3.6 | 4 | 3.96% |
| 2.8 – 3.2 | 18 | 17.82% |
| 2.4 – 2.8 | 56 | 55.45% |
| 2.0 – 2.4 | 18 | 17.82% |
| 1.6 – 2.0 | 5 | 4.95% |
| **Total** | **101** | |

## २०७७ कक्षा १० (SEE) को नतिजा विश्लेषण

| सि.नं. | विषय | विद्यार्थी संख्या | Average |
|---|---|---|---|

| | | जम्मा विध्यार्थी | A+ | A | B+ | B | C+ | C | D+ | D | E | GPA |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अङ्ग्रेजी | 88 | 4 | 13 | 24 | 33 | 14 | | | | | **3.01** |
| २ | नेपाली | 88 | - | 16 | 39 | 32 | 1 | | | | | **3.12** |
| ३ | गणित | 88 | 5 | 3 | 8 | 8 | 15 | 49 | | | | **2.42** |
| ४ | विज्ञान | 88 | 1 | 5 | 10 | 28 | 44 | | | | | **2.70** |
| ५ | सामाजिक | 88 | 3 | 16 | 18 | 39 | 12 | | | | | **3.01** |
| ६ | स्व.ज.वा. | 88 | 11 | 26 | 34 | 9 | 8 | | | | | **3.30** |
| ७ | ऐ.प्रथम | 88 | 5 | 18 | 33 | 23 | 8 | 1 | | | | **3.14** |
| ८ | ऐ.द्वितीय | 88 | 15 | 12 | 38 | 22 | 1 | | | | | **3.28** |

*२०७६ कक्षा १० (**SEE**) को नतिजा विश्लेषण*

| सि.नं. | विषय | विद्यार्थी संख्या | | | | | | | | | | Average GPA |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा विध्यार्थी | A+ | A | B+ | B | C+ | C | D+ | D | E | |
| १ | अङ्ग्रेजी | 92 | 01 | 10 | 13 | 12 | 56 | - | - | - | - | **2.45** |
| २ | नेपाली | 92 | 01 | 12 | 19 | 33 | 27 | - | - | - | - | **2.62** |
| ३ | गणित | 92 | 01 | 04 | 03 | 06 | 10 | 18 | 50 | - | - | **1.63** |
| ४ | विज्ञान | 92 | - | 02 | 03 | 16 | 70 | 01 | - | - | - | **2.2** |
| ५ | सामाजिक | 92 | 01 | 09 | 10 | 26 | 45 | - | - | - | - | **2.45** |
| ६ | स्व.ज.वा. | 92 | 09 | 18 | 15 | 26 | 24 | - | - | - | - | **2.27** |
| ७ | ऐ.प्रथम | 92 | - | 04 | 04 | 19 | 17 | 33 | 15 | - | - | **2.01** |
| ८ | ऐ.द्वितीय | 92 | 05 | 08 | 21 | 27 | 30 | 01 | - | - | - | **2.62** |

*२०७५ कक्षा १० (**SEE**) को नतिजा विश्लेषण*

| सि.नं. | विषय | विद्यार्थी संख्या | | | | | | | | | | Average GPA |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा विध्यार्थी | A+ | A | B+ | B | C+ | C | D+ | D | E | |
| १ | अङ्ग्रेजी | 73 | - | 3 | 7 | 10 | 16 | 21 | 14 | - | - | **2.10** |
| २ | नेपाली | 73 | - | 1 | 6 | 10 | 12 | 13 | 17 | 9 | 3 | **1.86** |
| ३ | गणित | 73 | - | 4 | 5 | 5 | 4 | 7 | 8 | 17 | 21 | **1.5** |
| ४ | विज्ञान | 73 | - | - | - | 2 | 15 | 19 | 28 | 7 | - | **1.67** |
| ५ | सामाजिक | 73 | - | - | - | 2 | 3 | 19 | 20 | 28 | 9 | **1.51** |
| ६ | स्व.ज.वा. | 73 | - | | 4 | 6 | 23 | 29 | 9 | - | - | **2.01** |
| ७ | ऐ.प्रथम | 73 | - | 5 | 7 | 33 | 15 | 8 | 3 | - | - | **2.47** |
| ८ | ऐ.द्वितीय | 73 | - | - | 4 | 10 | 34 | 21 | 2 | - | - | **2.16** |

*कक्षा ९ र १० को विगत चार वर्षको परीक्षामा सहभागी तथा उत्तीर्ण विद्यार्थी विवरण*

| कक्षा | २०७५ | | २०७६ | | २०७७ | | २०७८ | |
|---|---|---|---|---|---|---|---|---|
| | सहभागी | उत्तीर्ण | सहभागी | उत्तीर्ण | सहभागी | उत्तीर्ण | सहभागी | उत्तीर्ण |
| SEE परीक्षा | ७३ | ७३ | ९२ | ९२ | ८८ | ८८ | १०१ | १०१ |
| कक्षा ९ | १०८ | ९६ | ८९ | ८९ | १०२ | १०२ | १०६ | १०६ |

**विश्लेषण:**

- विगत चार वर्षको सिकाई उपलब्धी विश्लेषण गर्दा विद्यालयको सिकाई उपलब्धी सुधार भई रहेको देखिन्छ ।
- विगत २ वर्ष सम्म कमलामाई नगरपालिका अर्न्तगत उत्कृष्ट सिकाई उपलब्धी भई विद्यालयले रु २ लाख प्रोत्साहन रकम समेत प्राप्त गरी रहेको छ ।
- सिकाई उपलब्धी तथा विद्यालयको समग्र पक्षको मूल्याङ्कन गरी जीवन विकास समाजद्धारा विद्यालयलाई रु १ लाख पुरस्कार प्रमाण-पत्र प्राप्त भएको छ ।
- तहगत रुपमा विश्लेषण गर्दा माध्यमिक तहको नजिता अझै सुधार गर्न् पर्ने देखिन्छ ।
- विषयगत रुपमा विश्लेषण गर्दा गणित विषयको सिकाई उपलब्धी थप सुधार गर्नु पर्ने देखिन्छ ।

## ३.१.३ शिक्षक विवरण

**तालिका नं. ३ :**

| क.सं. | शिक्षकको नाम | पद/तह | विषय | श्रेणी | जन्ममिति | योग्यता | नियुक्ति मिति | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अस्थायी | स्थायी | |
| १ | योगेन्द्र प्रसाद अधिकारी | प्र.अ./मा.वि. | गणित | तृतीय | २०३८/०६/०५ | एम.एड. | | २०७१/०४/२७ | दरबन्दी |
| २ | लक्ष्मीराज श्रेष्ठ | स.प्र.अ.नि.मा.वि | नेपाली | तृतीय | २०३९/१०/२७ | एम.एड. | | २०७२/१०/१८ | दरबन्दी |
| ३ | दुर्गा प्रसाद निरौला | मा.वि. | अंग्रेजी | | २०३४/०७/०८ | एम.एड | २०७३/०७/२६ | | +2 दरबन्दी |
| ४ | इशोर वाइवा | मा.वि. | विज्ञान | | २०४८/११/१५ | एम.एस्सी. | २०७५/०८/०१ | | +2 दरबन्दी |
| ५ | स्वीटी प्रधान | मा.वि. | अंग्रेजी | तृतीय | २०४८/०६/३० | एम.एड. | | २०७६/०४/२७ | दरवन्दी |
| ६ | सोनेलाल यादव | मा.वि. | विज्ञान | तृतीय | २०२९/०७/१० | एम.एस्सी./एम.एड | २०६५/०९/१४ | | राहत |
| ७ | अनिता कुमारी  घिमिरे | मा.वि. | सामाजिक | तृतीय | २०२८/०१/०१ | एम.एड. | २०६६/१०/१९ | | राहत |
| ८ | रमण प्रसाद ढकाल | नि.मा.वि. | विज्ञान | द्वितीय | २०२६/१२/११ | एम.ए./एम.एड. | २०५०/०६/१८ | २०६०/०८/२९ | दरबन्दी |
| ९ | अर्जुन प्रसाद दाहाल | नि.मा.वि. | विज्ञान | द्वितीय | २०३०/०७/१२ | एम.एड. | २०५७/१२/१३ | २०६०/०८/२९ | दरबन्दी |
| १० | केदार प्रसाद अधिकारी | नि.मा.वि. | गणित | द्वितीय | २०२५/०७/०४ | एम.ए./बि.एड. | २०५६/१०/२८ | २०६०/०८/२९ | दरबन्दी |
| ११ | एलिजा कोइराला | नि.मा.वि. | अंग्रेजी | तृतीय | २०४४/०६/२० | एम.एड. | | २०७१/०४/२९ | दरबन्दी |
| १२ | हरि बहादुर देवकोटा | प्रा. वि. | | प्रथम | २०२७/१२/२२ | बि. एड. | २०४६/०१/१९ | २०४८/११/११ | दरबन्दी |
| १३ | प्रशिद्धा शर्मा | प्रा.वि. | | द्वितीय | २०२७/०२/२२ | एम.एड. | | २०५०/०१/२२ | दरबन्दी |
| १४ | सुषमा ढकाल | प्रा.वि. | | द्वितीय | २०२४/०५/०२ | आइ.एड. | | २०५०/०१/२२ | दरबन्दी |
| १५ | मुना कोइराला | प्रा.वि. | | द्वितीय | २०२७/०६/१० | बि.एड. | | २०५०/०१/२७ | दरबन्दी |
| १६ | राधिका कुमारी देवकोटा | प्रा.वि. | | द्वितीय | २०३०/०१/३० | आइ.एड. | | २०६१/०२/०१ | दरबन्दी |
| १७ | सविता कोइराला | प्रा. वि. | | द्वितीय | २०२८/१२/०३ | एम.एड | २०५२/ / | २०६१/०२/०१ | दरबन्दी |
| १८ | यशोदा कार्की | प्रा.वि. | | तृतीय | २०२८/०४/०९ | आइ.एड. | | २०६७/०७/०९ | दरबन्दी |
| १९ | स्वस्तिमा थापा | प्रा.वि. | | तृतीय | २०४४/१०/२४ | आइ. एड. | | २०७६/०७/१७ | दरबन्दी |
| २० | बिनु कुँवर | प्रा.वि. | | तृतीय | २०४७/११/१८ | एम.ए | २०७५/०३/०८ | | अस्थायी |
| २१ | बिनु खड्का | प्रा.वि. | | तृतीय | २०३२/०१/१३ | बि.ए./बि.एड. | २०५९/०९/०९ | | राहत |
| २२ | कमला खड्का | प्रा.वि. | | तृतीय | २०३९/५/५ | आइ. एड. | २०६१/०५/०१ | | राहत |
| २३ | शान्ता काफ्ले | प्रा.वि. | | तृतीय | २०३०/०६/०८ | एम.एड. | २०६१/०६/२३ | | राहत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | विमला कुमारी काफ्ले | प्रा.वि. | | तृतीय | २०३८/१०/१० | बि.एड. | २०६५/०४/०१ | | राहत |
| २५ | उषण पौडेल | प्रा.वि. | | | २०५२/०२/२२ | बि.एड. | २०७४/०१/२१ | | निजी |
| २६ | रत्नमाया खाती | प्रा.वि. | | | २०४९/०२/१६ | बि.एड. | २०७५/०२/०१ | | निजी |
| २७ | दिपशिखा फुयाल | प्रा.वि. | | | २०५२/०७/१७ | बि.एड. | २०७५/०२/०१ | | निजी |
| २८ | करुणा घिमिरे | प्रा.वि. | | | २०५१/०७/०६ | बि.एड. | २०७५/०२/०१ | | निर्जी |
| २९ | सन्ध्या ढकाल | स्टाफ नर्स | | | २०५५/०२/०७ | PCLNursing | २०७५/०८/१८ | | करार |
| ३० | पवित्रा थापा | स.ले.पा. | | | ०४५/१२/२९ | एम.वि.एस. | २०७७/१२/०३ | | दरबन्दी |
| ३१ | चन्द्रा कुमारी थापा | स.ले.पा. | | | ०४५/०३/१३ | आइ.कम | २०७९/०३/१३ | | निजी |
| ३२ | राजन प्रसाद कोइराला | लाइब्रेरियन | | | २०१४/०३/१८ | एस.एल.सी. | २०७५/१०/१६ | | निजी |
| ३३ | यशोदा वि.क. | बालविकास | | | २०४५/१०/२६ | आइ.एड. | २०६२/०९/०१ | | बालविकास |
| ३४ | गंगा कुमारी लुइटेल | बालविकास | | | २०४३/०९/०५ | आइ.एड. | २०७६/११/१८ | | बालविकास |
| ३५ | बविता देवकोटा | बालविकास | | | २०४०/१२/२३ | एस.एल.सी. | २०६२/०९/०१ | | बालविकास |
| ३६ | युवाकुमारी थापा | वैद्धिक अ. कक्षा | | | २०३०/०२/१२ | एस.एल.सी. | २०६१/०१/०२ | | वैद्धिक अ. कक्षा |
| ३७ | जालबहादुर कार्की | का.स. | | | २०३०/०२/०१ | साधारण | २०४८/१२/०२ | | दरवन्दी |
| ३८ | हिरानाथ देवकोटा | का.स. | | | २०३६/०६/१७ | साधारण | २०६८/०२/११ | | दरवन्दी |
| ३९ | नरेन्द्र विक्रम कार्की | सुरक्षा गार्ड | | | २०४१/०१/०४ | साधारण | २०७७/०९/०१ | | निजी |
| ४० | दुर्गा सिजाली मगर | आया | | | २०३९/०२/०५ | साधारण | २०७५/०९/०१ | | निजी |
| ४१ | सन्तमाया सार्की | का.स. | | | २०२८/०४/०७ | साधारण | २०७०/०१/०१ | | निजी |
| ४२ | हेम बहादुर बस्नेत | बस चालक | | | | | २०७८/११/०१ | | निजी |

## प्रविधिक तर्फ अध्यापनरत प्रशिक्षकहरुको विवरण :

| SN | Name of Teacher | Designation/ Course | Address | Academic qualification | Niyukti Miti | contact No |
|---|---|---|---|---|---|---|
| 1 | Bibek Niraula | Program Co-ordinator | Suryavinayak, 04, Bhaktapur | B.Sc.Agriculture | 2077/12/01 | 9843214407 |
| 2 | Elina Gautam | Instructor | Sindhuli | M.Sc. Agriculture, Extension | 2079/02/09 | 9844008746 |
| 3 | Sabina Parajuli | Instructor | Morang | B.Sc. Agriculture | 2075/09/23 | 9842572501 |
| 4 | Deepshikha Baral | Instructor | Sindhuli | B.Sc Agriculture | 2078/11/01 | 9844422449 |
| 5 | Laxmi Thakuri | Sub-Instructor | Kamalamai,05- Sindhuli | | 2076/01/01 | 9844422346 |
| 6 | Nisha Shrestha | Sub-Instructor | Kamalamai-04, Sindhuli | | 2076/02/02 | 9844517944 |
| 7 | Binita Dhungana | Animal Science (PART TIME) | Chitwan | B.V.Sc & AH | 2079/02/05 | 9845581829 |
| 8 | Manoj Devkota | Physics (Part Time) | | | 2079/05/01 | 9845170947 |
| 9 | Yogendra Psd. Adhikari | Math (Part Time) | | | | 9845458760 |
| 10 | Eshwor Waiba | Chemistry (Part Time) | | | | 9849405807 |
| 11 | Durga Prasad Niraula | English (Part Time) | | | | 9841370146 |
| 12 | Arjun Prasad Dahal | Math (Part Time) | | | | 9844198942 |
| 13 | Bhim Bikram Thapa | Nepali (Part Time) | | | | 9844040065 |

## तालिका ४ : शिक्षक विवरण साधारण तर्फ

| तह | सञ्चालित सेक्सन सङ्ख्या | शिक्षक सङ्ख्या | | | | | | विषयगत शिक्षक | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | | जम्मा | | विषय | सङ्ख्या | |
| | | स्वीकृत दरबन्दी | राहत | निजीस्रोत र अन्य | अस्थायी | जम्मा | महिला | | | |
| प्रारम्भिक बालविकास | 2 | 2 | 0 | 1 | 0 | 3 | 3 | | | |
| आधारभूत (कक्षा १-५) | 8 | 8 | 4 | 4 | 1 | 17 | 15 | | | |
| आधारभूत (कक्षा ६-८) | 6 | 5 | 0 | 0 | 0 | 5 | 1 | अङ्ग्रेजी | 1 | |
| | | | | | | | | विज्ञान | 1 | |
| | | | | | | | | नेपाली | 1 | |
| | | | | | | | | सामाजिक | 0 | |
| | | | | | | | | गणित | 2 | |
| माध्यमिक (कक्षा ९-१०) | 4 | 3 | 2 | | | 5 | 2 | अङ्ग्रेजी | 1 | |
| | | | | | | | | गणित | 1 | |
| | | | | | | | | विज्ञान | 1 | |
| | | | | | | | | नेपाली | 1 | |
| | | | | | | | | सामाजिक | 1 | |
| माध्यमिक (कक्षा ११-१२) | 10 | 2 | 0 | 0 | | 2 | 0 | अङ्ग्रेजी | 1 | |
| | | | | | | | | नेपाली | 0 | |
| | | | | | | | | विज्ञान | 1 | |
| **जम्मा** | **30** | **20** | **6** | **5** | **1** | **32** | **21** | | | |

### ३.१.४ विद्यालय सञ्चालन अवस्था

यस विद्यालयमा गत शैक्षिक सत्रको विद्यालय सञ्चालनको अवस्था यस प्रकार रहेको छ :

**तालिका ५ : विद्यालय सञ्चालन अवस्था**

| क.स. | विवरण | वार्षिक औसत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १. | विद्यालय खुलेको दिन | 278 | २२० दिनभन्दा बढी |
| २. | पठनपाठन भएको दिन | 224 | न्यूनतम वार्षिक<br>कक्षा १-५: १९२ दिन,<br>कक्षा ६-८ : २१० दिन<br>माध्यमिक : २२० दिन |
| ३. | प्रारम्भिक बाल विकासका विद्यार्थीको औसत उपस्थिति | 170 | न्यूनतम वार्षिक १९२ दिन |
| ४. | कक्षा १-५ का विद्यार्थीको औसत उपस्थिति | 169 | न्यूनतमवार्षिक २१० दिन |
| ५. | कक्षा ६-८ का विद्यार्थीको औसत उपस्थिती | 168 | न्यूनतमवार्षिक २१० दिन |
| ६. | कक्षा ९-१० का विद्यार्थीको औसत उपस्थिति | 167 | न्यूनतमवार्षिक २२० दिन |
| ७. | कक्षा ११-१२ का विद्यार्थीको औसत उपस्थिति | 145 | |
| ८. | विद्यालयमा शिक्षकको औसत उपस्थिति | 217 | विद्यालय खुलेको दिनमध्ये ९२% |
| ९. | औसत शिक्षण सिकाइ समय तहगत | 878 | कक्षा १-३= ८१६ घण्टा प्रति कक्षा |
| | | 1013 | कक्षा ४-५= ९३६ घण्टा प्रति कक्षा |
| | | 977 | कक्षा ६-८= १०५० घण्टा प्रति कक्षा |
| | | 123 | कक्षा ९-१०= प्रति विषय १२८ घण्टा प्रति कक्षा |

### ३.१.५ भौतिक सुविधाको अवस्था

नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेख भएअनुसारका भौतिक पूर्वाधारहरू र विद्यालयमा हाल उपलब्धताका वीच तुलना गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ । आवश्यक थप भौतिक पूर्वाधारलाई समेत उल्लेख गरिएको छ । भौतिक पूर्वाधारको अवस्था नमुना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को परिच्छद ५ र अनुसूची ३ मा व्यवस्था भएबमोजिम निर्धारण गरिएको छ :

**तालिका ६ : भौतिक सुविधाको अवस्था**

| क्र. स. | विवरण | जम्मा सङ्ख्या | पर्याप्तता | | मर्मत/सुधार आवश्यक सङ्ख्या | भूकम्प प्रतिरोधक वा सुरक्षित सङ्ख्या | नयाँ निर्माण गर्न आवश्यक सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | छ (√) | छैन (√) | | | |
| १. | विद्यालय भवन (व्लक) | 6 | | ✓ | 3 | 3 | 7 |
| २. | प्रारम्भिक बालविकास | | | | | | |
| | छुट्टै बालविकास केन्द्र/कक्षा | – | – | ✓ | – | – | – |
| | खेल तथा सिकाइ सामग्री सहितको बालविकास कक्षा | 2 | | ✓ | | | 1 |
| | सिकाइ क्षेत्र (Learning space) | 0 | – | – | – | – | 1 |
| | अलग्गै खेल मैदान | 0 | | | | | 1 |
| ३. | कक्षाकोठा | 37 | | ✓ | 5 | 10 | 20 |
| ४. | अपाङ्गमैत्री खेल परिसर | 1 | ✓ | - | – | – | – |
| | वालमैत्री/सिकाईमैत्री फर्निचर | 10 | – | ✓ | – | – | – |
| ५. | जम्मा शौचालय | 11 | – | ✓ | 1 | – | – |
| | छात्रा शौचालय | 5 | – | ✓ | – | – | – |
| | WASH Facilities सहितको शौचालय (अनुसूची ३ अनुसार) | 6 | – | ✓ | – | – | – |
| ६. | विद्यालय हरित घेराबार | 1 | – | ✓ | – | – | – |
| | बगैंचा | 2 | – | ✓ | – | – | – |
| ७. | खानेपानी | 2 | | ✓ | | | 2 |
| ८. | खेलमैदान | 1 | – | ✓ | – | – | 1 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | प्रयोगशाला कक्ष | | | | | | |
| | भौतिक विज्ञान प्रयोगशाला कक्ष | 1 | – | ✓ | – | – | 1 |
| | रसायन विज्ञान प्रयोगशाला कक्ष | 1 | – | ✓ | – | – | 1 |
| | जीव विज्ञान प्रयोगशाला कक्ष | 1 | – | ✓ | – | – | 1 |
| | प्राविधिक धारको प्रयोगशाला कक्ष | 1 | – | ✓ | – | – | 1 |
| | ई. पुस्तकालय सहितको कम्प्युटर/ICT प्रयोगशाला कक्ष | 1 | – | ✓ | | | 1 |
| | गणित प्रयोग शाला | 1 | | ✓ | | | 1 |
| | व्यवसायिक कार्यशाला कक्ष | 0 | – | | – | – | 1 |
| १०. | अध्ययन कक्षसहितको पुस्तकालय | 1 | – | ✓ | – | – | 1 |
| | आधारभूत पुस्तकालय कक्ष | 1 | – | ✓ | – | – | 1 |
| | माध्यमिक पुस्तकालय कक्ष | 1 | – | ✓ | – | – | 1 |
| ११. | प्रशासनिक कक्ष/भवन | 1 | ✓ | | – | – | - |
| १२. | आवासीय सुविधा | 0 | – | – | – | – | 1 |
| | छात्रा छात्रावास | 0 | – | – | – | – | 1 |
| | छात्र/ छात्रावास | 0 | – | – | – | – | 1 |
| | अतिथि आवास | 1 | – | ✓ | | | 1 |
| १३. | विद्यालय सङ्ग्रहालय कक्ष | 0 | – | – | – | – | 1 |
| १४. | प्राथमिक उपचार/परामर्श कक्ष | 1 | – | – | – | – | 1 |
| १५. | चमेना गृह | 1 | – | – | – | – | 1 |
| १६. | सभा हल | 2 | – | – | – | – | – |
| १७. | वैकल्पिक विद्युतीय व्यवस्था | 2 | – | – | – | – | 1 |
| १८ | प्रअ कक्ष | 1 | ✓ | | – | – | – |
| १९ | सहायक प्रअ कक्ष | 1 | ✓ | | – | – | – |
| २० | सूचना कक्ष | 1 | ✓ | | – | – | – |
| २१ | तहगत संयोजक कक्ष | 1 | ✓ | | – | – | – |
| २२ | स्टाफ कक्ष | 1 | ✓ | | – | – | – |
| २३ | प्राविधिक स्टाफ कक्ष | 1 | ✓ | | – | – | – |
| २४ | लेखा शाखा | 1 | ✓ | | – | – | – |
| २५ | परीक्षा तथा मूल्याङ्कन कक्ष | 1 | ✓ | | – | – | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | सोधपुछ कक्ष | 1 | ✓ | | – | – | – |
| २७ | वि.व्य.स कक्ष | 1 | ✓ | | – | – | – |

### ३.१.६ विद्यालयको व्यवस्थापकीय प्रबन्ध

यस विद्यालयको व्यवस्थापकीय प्रबन्ध गत शैक्षिक सत्र २०७८ को अभिलेखमा आधारित रही देहाय अनुसार प्रस्तुत गरिएको छ :

**विद्यालयको सुशासन तथा अन्य प्रवन्ध**

**तालिका ७ : विद्यालयको व्यवस्थापकीय प्रबन्ध**

| क्र.स. | विवरण | भएको | नभएको | बठक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापन समितिको गठन | ✓ | | | |
| २. | विद्यालय व्यवस्थापन समितिको बैठक | ✓ | | वार्षिक पटकः ३४ | |
| ३. | शिक्षक अभिभावक सङ्घको गठन | ✓ | | | |
| ४. | शिक्षक अभिभावक सङ्घको बैठक | ✓ | | वार्षिक पटकः ३ | |
| ५. | गत आ.व.मा सामाजिक परीक्षण | ✓ | | | |
| ६. | गत आ.व.को लेखा परीक्षण | ✓ | | | |
| ७. | वार्षिकोत्सव/अभिभावक भेला | ✓ | | वार्षिक पटक : ३ | |
| ८. | सरोकारवालाबिच सुनुवाइ कार्यक्रम | ✓ | | | |
| ९. | शिक्षक आचारसंहिता प्रदर्शन र पालना | ✓ | | | |
| १०. | विद्यार्थी आचारसंहिता प्रदर्शन र पालना | ✓ | | | |
| ११. | बाल क्लब गठन र सक्रियता | ✓ | | | |
| १२. | शिक्षक कर्मचारी बैठक | ✓ | | वार्षिक पटक : २२ | |
| १३. | विद्यालय निरीक्षकबाट विद्यालय अनुगमन | ✓ | | वार्षिक पटक : ७ | |
| १४. | विव्यस र शिअसबाट विद्यालय अनुगमन | ✓ | | वार्षिक पटक : ४ | |
| १५. | वार्षिक कार्यपात्रो निर्माण | ✓ | | वार्षिक पटक : १ | |
| १६. | वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन | ✓ | | योजना निर्माण र कार्यान्वयन गर्ने शिक्षक सङ्ख्या : ६ जना | |

| क्र.स. | विवरण | भएको | नभएको | बठक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १७. | दैनिक पाठयोजना सहित शिक्षण | ✓ | | पाठयोजनासहित शिक्षण गर्ने शिक्षक सङ्ख्या:२० | |
| १८. | प्राथमिक उपचारको व्यवस्था | ✓ | | स्टाफ नर्स : १ जना | |
| १९. | नियमित विद्यार्थी स्वास्थ्य परीक्षण, जुकाको औषधी वितरण | ✓ | | प्रत्येक ६-६ महिनामा | |
| २०. | विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन | ✓ | | बालकक्षा देखि कक्षा ७ सम्म | |
| २१. | विपद् जोखिम न्यूनीकरण सम्बन्धिकार्यकलाप (विपद् शिक्षा, सम्पर्क व्यक्ति/समूह, सुरक्षाका लागि योजना, आपत्कालीन निकास नक्साङ्कन) | ✓ | | | |
| २२. | विद्यालय विनियमको व्यवस्था | ✓ | | | |
| २३ | नेपाल जुनियर रेडक्रस सर्कल गठन | ✓ | | | |
| २४ | गुनासो सुनुवाइ समिति गठन र सक्रियता | ✓ | | हरेक महिनामा २ पटक | |
| २५ | स्काउट | ✓ | | प्रत्येक शुक्रबार कार्यक्रम सञ्चालन | |
| २६ | तहगत संयोजक व्यवस्था | ✓ | | | |
| २७ | विषयगत समितिहरु | ✓ | | मासिक बैठक | |
| २८ | इको क्लव गठन | ✓ | | वातावरणीय सरसफाई | |

### ३.१.७ शैक्षिक तथा अन्य सामग्रीको विवरण

शैक्षिक तथा अन्य सामग्रीको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ८ : शैक्षिक सामग्रीको विवरण**

| क्र.स. | सामग्री विवरण | उपलब्धता | | पर्याप्तताको अवस्था | | प्रयोगको अवस्था | |
|---|---|---|---|---|---|---|---|
| | | उपलब्ध रहेको | उपलब्ध नरहेको | भएको | नभएको | भएको | नभएको |
| १. | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रम/ सिकाइका लागि सामग्री र खेल सामग्री | ✓ | | | ✓ | ✓ | |
| २. | कक्षागत र विषयगत पाठ्यक्रम | ✓ | | ✓ | | ✓ | |
| ३. | विद्यार्थीलाई सेटमा पाठ्यपुस्तक | ✓ | | ✓ | | ✓ | |
| ४. | विषयगत शिक्षक निर्देशिका | ✓ | | ✓ | | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | पुस्तकालय | ✓ | | | ✓ | ✓ | |
| ६. | बुककर्नर | ✓ | | | | ✓ | |
| ७. | खेलकुदका सामग्रीहरू | ✓ | | | ✓ | ✓ | |
| ८. | स्वास्थ्य/शारीरिक विषयका उपकरण/सामग्री | | ✓ | | ✓ | ✓ | |
| ९. | विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित सन्दर्भ सामग्री | | ✓ | | ✓ | ✓ | |
| १०. | शिक्षकले स्थानीय स्रोत प्रयोग गरी तयार पारेका शैक्षिक सामग्री | ✓ | | ✓ | | ✓ | |
| ११. | विज्ञान प्रयोगशाला सामग्री | ✓ | | | ✓ | ✓ | |
| १२. | Math/Science/English Language Kit को अवस्था | ✓ | | | ✓ | ✓ | |
| १३. | ICT Lab को अवस्था | ✓ | | | ✓ | ✓ | |
| १४. | सामाजिक सङ्ग्राहलयका सामग्री | ✓ | | | ✓ | ✓ | |
| १५. | CCTV को व्यवस्था | ✓ | | | ✓ | ✓ | |
| १६. | विद्युतीय हाजिरीको व्यवस्था | ✓ | | | ✓ | ✓ | |
| १७. | विद्यालयको वेबसाइट | ✓ | | ✓ | | ✓ | |
| १८. | विद्यार्थी स्वअध्ययन सामग्री | ✓ | | | ✓ | ✓ | |

**सकारात्मक पक्ष**

१) उपलब्ध शैक्षिक तथा अन्य सामग्रीहरु अन्तर्गत पाठ्यपुस्तक पर्याप्त भएको ।
२) उपलब्ध खेलकुद सामग्रीहरुको प्रभावकारी रुपमा प्रयोग भएको ।
३) विद्यालयको आफ्नै website भएकाले सुचना प्रवाह गर्न सजिलो भएको ।
४) CCTV को व्यवस्था भएको ।
५) विद्युतिय हाजिरीको व्यवस्था भएको ।
६) ICT Lab को व्यवस्था ।

**सुधार गर्नु पर्ने पक्ष**

१) शैक्षिक सामग्रीहरु तथा अन्य सन्र्दभ सामग्रीहरु पर्याप्त मात्रामा हुनु पर्ने ।
२) विपत तथा जोखिम न्यूनिकरण सम्बन्धित सन्र्दभ सामग्रीहरु उपलब्ध गराउनु पर्ने ।
३) स्वास्थ्य शारीरिक विषयको उपकरणहरु, स्थानीय स्रोतको आधारमा तयार गरिने सामग्रीहरु, विज्ञान प्रयोगशालासँग सम्बन्धित सामग्रीहरु, विद्यालयको सङ्ग्राहलय सामग्री, कक्षा कोठामा पनि सीसी टिभी, आइसीटी ल्याव जस्ता सामग्रीको व्यवस्था पर्याप्त हुनुपर्ने ।
४) विषयगत प्रयोगशालाको व्यवस्था गर्नुपर्ने ।

### ३.१.८ आम्दानी र खर्चको विवरण

गत आर्थिक वर्ष २०७८/०७९ को विद्यालयको आर्थिक कारोवारको विवरणलाई देहायको तालिकामा उल्लेख गरिएको छ :

**तालिका ९ : आम्दानी र खर्चको विवरण**

**सन्तुलन परीक्षण**

**अनुसूची अनुसारको विवरण**

| क्र.सं. | आम्दानी अनुदान शीर्षक | प्राप्त रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गत आ.व.को अल्या | 6265702 | | |
| २ | तलब भत्ता | 15447683.88 | 25295761.26 | |
| ३ | निर्माण तथा मर्मत | 7000000 | 11022882.14 | |
| ४ | पाठ्यपुस्तक तथा छात्रवृत्ति | 956613.70 | 1383598 | |
| ५ | शैक्षिक तथा व्यवस्थापन | 3000000 | 3000582.52 | |
| ६ | अन्य आम्दानी | 29333016 | 21300192 | |
| **जम्मा** | | **62003015** | **62003015** | |

**तथ्याङ्क विश्लेषण :**

माथिको तालिकामा प्रस्तुत आम्दानी खर्चको विवरण नियाल्दा विभिन्न शीर्षकवाट विद्यालयलाई प्राप्त आम्दानी रु. 62003015 भएको र जम्मा खर्च रु. 62003015 भएको देखिन्छ ।

## ३.२. *प्रमुख समस्या र समाधानका उपायहरू*

विद्यालयको वर्तमान अवस्था विश्लेषणका आधारमा तथा सरोकारवालाहरूसँगको कार्यशालामा उठान भएका विषयहरूका आधारमा **शैक्षिक पक्ष, भौतिक पक्ष** एवम् **व्यवस्थापकीय पक्ष** छुट्याएर निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १० : समस्या विश्लेषण सारांश तालिका**

| क्षेत्र | उपक्षेत्र | मुख्य समस्याहरू | समाधानका उपायहरू |
|---|---|---|---|
| **शैक्षिक** | शैक्षणिक योजना | क) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा (कक्षा ९-१२)शिक्षक दरबन्दी कम भइ शिक्षकको घण्टी बढी भएको कारण शैक्षणिक योजना र दैनिक पाठयोजना निर्माणमा समस्या भएको । | • शिक्षकको दरवन्दि व्यवस्था गरी शिक्षकको घण्टी घटाई शिक्षकबाट बार्षिक, त्रैमासिक, मासिक, साप्ताहिक शैक्षणिक योजना र दैनिक पाठयोजना निर्माण गर्ने/गराउने |
| | शिक्षण सिकाइ क्रियाकलाप | क) विद्यार्थी संख्या बढी भएकाले बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलाप गर्न कठिन । | • प्रत्येक कक्षामा सेक्सन आवश्यकता अनुसार विभाजन गरी बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलाप अपनाउने । |
| | | ख) आधुनिक शैक्षिक प्रविधिको प्रयोग बिना नै कक्षा शिक्षण गरिनु । | • शिक्षण विधिमा विविधता र परियोजना कार्यमा जोड दिने । |
| | | | • मिश्रित शिक्षण विधि प्रयोग गर्ने । |
| | | | • विद्यार्थीलाई नै पाठ्यसामग्री प्रस्तुत गर्न लगाउने । |
| | | | • वैयक्तिक भिन्नताका आधारमा शिक्षण गरिनुपर्ने । |
| | | | • विद्यालयका आधुनिक शैक्षिक प्रविधि, कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट, इमेल आदिको प्रयोग गरी कक्षा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिनुपर्ने । |
| | शैक्षिक सामग्रीहरु | क) शैक्षिक सामग्री निर्माण र प्रयोगमा कमी | • शिक्षक र विद्यार्थीबाट शैक्षिक सामग्री निर्माण गरी प्रयोग गर्नुपर्ने । |
| | | ख) शैक्षिक स्रोत सामग्रीको अभाव | • शैक्षिक सामग्रीले कक्षाकोठा सजावट गर्ने । |
| | | | • स्थानीय शैक्षिक स्रोत सामग्रीलाई प्रयोगमा ल्याउने । |

| | | | |
|---|---|---|---|
| | | | ● शैक्षिक सामग्री, पाठ्यक्रम, शिक्षक निर्देशिका लगायतका सामग्रीको पर्याप्त व्यवस्था गरिनुपर्ने । |
| | अतिरिक्त क्रियाकलाप | क) सबैखाले इन्डोर र आउटडोर अतिरिक्त क्रियाकलाप व्यवस्थित तवरले सञ्चालन नहुनु । | ● खेलकुदसँग सम्बन्धित सबैखाले क्रियाकलाप सञ्चालन गर्ने |
| | | ख) अतिरिक्त क्रियाकलापको भौतिक पूर्वाधार निर्माण नहुनु । | ● अतिरिक्त क्रियाकलापका लागि खेलमैदानको व्यवस्था गरिनुपर्ने । |
| | | ग) प्रादेशिक र राष्ट्रिय स्तरको प्रतियोगितामा विद्यार्थीहरुको सहभागिता नहुनु । | ● बौद्धिक गतिविधि अन्तर्गत वक्तृत्वकला, हाजिरी जवाफ, वादविवाद, निबन्ध, कविता, कथा, आदि प्रतियोगितामा सबै विद्यार्थीहरुलाई सहभागी गराउने । |
| | | | ● सांस्कृतिक तथा मनोरञ्जनात्मक क्रियाकलापमा विद्यार्थीहरुलाई सहभागी गराउने । |
| | | | ● विद्यार्थीहरुको व्यक्तित्व विकासका लागिसामाजिक गुण विकास, नैतिक र चरित्र विकास सम्बन्धि गतिविधिमा संलग्न गराउने । |
| | | | ● अतिरिक्त क्रियाकलापको योजना व्यवस्थापन र कार्यान्वयनमा समन्वय हुनुपर्ने । |
| | | | ● अतिरिक्त क्रियाकलाप (इन्डोर र आउटडोर) का लागि सम्पूर्ण क्रियाकलाप तयार गरी सामग्री व्यवस्थापन गर्नुपर्ने। |
| | २. | बालमैत्री कक्षाकोठा व्यवस्थापन | बालमैत्री कक्षाकोठा व्यवस्थापन | | | | | |
| | ३. | शैक्षिक सामग्री व्यवस्थापन | शैक्षिक सामग्री खरिद तथा निर्माण | स्थानीय स्रोत सामग्रीको प्रयोगद्वारा स्वनिर्माण | 100,000 | विषयगत आवश्यकता पहिचान गरेर | विषय शिक्षक | निरन्तर |
| | | | शैक्षिक सामग्री व्यवस्थापन | भण्डारण कक्ष निर्माण | 25,000 | पुनः प्रयोग गर्ने गरी | विषय शिषक | निरन्तर |
| | | | विषयगत किट्स व्यवस्थापन | सजिलै प्राप्त गर्न सकिने किट्स उपलब्ध गराउने | | पुनः प्रयोग गर्ने गरी | विषय शिषक | निरन्तर |
| | ४. | विज्ञान ल्याव तथा प्राविधिक प्रयोगशाला | विज्ञान ल्यावहरुको व्यवस्थापन | विज्ञान प्रयोगशालाका लागि | 100000 | विषय शिक्षकको सिफरिसमा | विषय शिक्षक | शैक्षिक सत्रको प्रारम्भमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आवश्यक फर्निचर व्यवस्थापन | | | | |
| | | | गणित, भाषा ल्यावको व्यवस्था, सामाजिक ल्यावको व्यवस्था | गणित तथा भाषा, सामाजिक प्रयोगशालाका लागि आवश्यक फर्निचर व्यवस्थापन | | विषय शिक्षकको सिफरिसमा | विषय शिक्षक | शैक्षिक सत्रको प्रारम्भमा |
| | | | प्राविधिक ल्यावको व्यवस्था | प्राविधिक प्रयोगशालाका लागि आवश्यक फर्निचर व्यवस्थापन | | प्राविधिकको सल्लाह अनुसार विषय विज्ञको सिफारिसमा | विद्यालय प्रशासन | शैक्षिक सत्रको प्रारम्भमा |
| | ५. | शुद्ध खानेपानी तथा सरसफाइ व्यवस्थापन | खानेपानी ट्यांकी तथा इनार निर्माण | इनार १ निर्माण | | टेण्डर मार्फत | वि.व्य.स. | वर्षको अन्त्यमा |
| | | | मुलको पानी व्यवस्थापन | अण्डरग्राउण्ड ट्यांकी | | टेण्डर मार्फत | वि.व्य.स. | वर्षको अन्त्यमा |
| | | | फोहोर व्यवस्थापनका | डस्टविन ५ निर्माण | | छलफलबाट | प्र.अ./वि.व्य.स. | शैक्षिक शत्रको शुरुमा |
| | ६. | विद्यालय हाता वरिपरी कम्पाउण्ड वाल निर्माण | विद्यालय कम्पाउण्ड | डिपिसि कार्य सम्पन्न गर्ने | | टेण्डर मार्फत | वि.व्य.स. | शैक्षिक शत्रको शुरुमा |
| | ७. | खेलकुद सामग्री व्यवस्थापन | खेलकुद सामग्री खरिद तथा | भलिवल तथा व्याडमिन्टन | | खेल शिक्षकको सल्लाह अनुसार | विद्यालय प्रशासन | शैक्षिक सत्रभरी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापन | सामग्री खरिद | | | | |
| | ८. | संग्रहालय तथा अभिलेखालय निर्माण | संग्रहालय तथा अभिलेखालय निर्माण | भौतिक लेखाजोखा तथा नक्साङ्कन कार्य | 100000 | भौतिक लेखाजोखा तथा नक्साकंन | वि.व्य.स. | शैक्षिक सत्रसम्म |
| | | | आवश्यक फर्निचर व्यवस्थापन | - | | | | |
| | | | पुराना सामग्रीको संकलन तथा खरिद | - | | बैठक र छलफल | विद्यालय प्रशासन | शैक्षिक शत्रभरी |
| | ९. | पार्किङको व्यवस्था | पार्किङको व्यवस्था | आवश्यकता अनुरुप | | प्राविधिक टोली छलफल गरी नक्साकंन | विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | पार्किङको व्यवस्था | | | प्राविधिक टोली छलफल गरी नक्साकंन | विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | १०. | वाल उद्यान तथा हरित क्षेत्र निर्माण | वाल उद्यान निर्माण | भौतिक लेखाजोखा तथा नक्साङ्कन | | प्राविधिक टोली छलफल गरी नक्साकंन | विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | हरित क्षेत्र व्यवस्थापन | | | प्राविधिक टोलीवाट नक्साकंन | विद्यालय प्रशासन | शैक्षिक शत्रभरी |
| | ११. | संगीत-नृत्य-योगा, जुनियर/युवा रेडक्रस, नेपाल स्काउट, वाल क्लव, प्राथमिक उपचार कक्ष, खेल सामग्रीका छुट्टाछुट्टै कक्षहरु | संगीत-नृत्य-योगा हल | भौतिक लेखाजोखा | 100,000 | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | तथा नक्साङ्कन | | | | |
| | | | जुनियर/युवा रेडक्रस कक्ष | | | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | नेपाल स्काउट कक्ष | | | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | वाल क्लव कक्ष | | | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | खेल सामग्री कक्ष | | | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | | | इन्डोर गेम हल | | | प्राविधिक टोलीको सुझाव अनुसार | वि.व्य.स./विद्यालय प्रशासन | शैक्षिक शत्रको अन्त्यसम्म |
| | १२. | सवारी साधन | विद्यालय बस | - | | | | |
| | | | सानो गाडी | - | | | | |
| | | **कुल रकम रू** | | | **1,75,90,000** | | | |

## ५.२ वार्षिक कार्य तालिका

तल उल्लिखित तालिकामा बजेट लाग्ने र बजेट बिना गर्न सकिने दुवै खालका कार्यकलाप सम्मिलित गरी निम्नानुसार वार्षिक कार्य तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १८ : पहिलो वर्षको वार्षिक कार्य तालिका**

**शैक्षिक**

| क्र. सं. | कार्यकलाप | महिना (बैशाख देखि चैत्र) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १. | विद्यार्थी भर्ना अभियान | ✓ | ✓ | | | | | | | | | | |
| २. | पाठ्यपुस्तक वितरण | ✓ | ✓ | | | | | | | | | | |
| ३. | विद्यार्थी प्रोत्साहन पुरस्कार | | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ४. | विद्यार्थी हाजिरी विश्लेषण र नियमिततामा सुधार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ५. | शिक्षक विद्यार्थी नियमितता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६. | दैनिक पाठयोजना | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७. | विद्यार्थीको कक्षाकार्य र गृहकार्य परीक्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८. | सामाजिक लेखा परीक्षण | | | | | ✓ | | | | | | | |
| ९. | एकाई परीक्षा | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १० | पहिलो त्रैमासिक परीक्षा | | | ✓ | | | | | | | | | |
| ११ | अर्धबार्षिक परीक्षा | | | | | | ✓ | | | | | | |
| १२ | बार्षिक परीक्षा | | | | | | | | | | | | ✓ |
| १३ | विज्ञद्वारा उपचारात्मक शिक्षण | | | | | ✓ | | | ✓ | | | | |
| १४ | अतिरिक्त कार्यकलाप | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | निरन्तर मुल्याङ्कन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १६ | नियमित स्वास्थ्य परीक्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १७ | स्काउट कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १८ | पुस्तकालय/वाचनालय अध्ययन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १९ | शैक्षिक सामग्री प्रयोग र व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २० | जुरेश/युरेशको कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २१ | बाल क्लव कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २२ | प्र.अ.द्वारा कक्षा अनुगमन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २३ | विज्ञान ल्यावको प्रयोग | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २४ | नतिजा प्रकाशन र विश्लेषण | | | ✓ | | | ✓ | | | | | | ✓ |

## भौतिक

| क.सं. | कार्यकलाप | महिना (बैशाख देखि चैत्र) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| १. | कक्षाकोठा भवन निर्माण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २. | फर्निचर खरिद | ✓ | | | | | ✓ | | | | | | ✓ |
| ३. | शैक्षिक सामग्री खरिद | ✓ | ✓ | | | | ✓ | | | | ✓ | | ✓ |
| ४. | खेलकुद सामग्री खरिद | ✓ | | | ✓ | | | | | ✓ | | | |
| ५. | प्राथमिक उपचार सामग्री तथा औषधि | | | | ✓ | | | ✓ | | | ✓ | | |
| ६. | खाद्य सामग्री खरिद | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७. | स्टेशनरी सामग्री खरिद | ✓ | | | ✓ | | | ✓ | | | | ✓ | |
| ८. | प्रयोगात्मक सामग्री खरिद | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| ९. | साँस्कृतिक कार्यक्रमको लागि पोशाक | | ✓ | | | | | | ✓ | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | बाद्यवादन सामग्री खरिद | | ✓ | | | | | | | | | | |
| ११ | विद्युतीय सामग्री खरिद | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| १२ | पत्रपत्रिका र सञ्चार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १३ | भाडाकुडा खरिद | | ✓ | | | | | | | | ✓ | | |
| १४ | कम्प्युटर ल्यापटप प्रिन्टर | | ✓ | | | ✓ | ✓ | | ✓ | | | | ✓ |

## व्यवस्थापकीय

| क्र.सं. | कार्यकलाप | महिना (बैशाख देखि चैत्र) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |
| १. | शिक्षकको कार्य विभाजन | ✓ | | | | | | | | | | | |
| २. | क्यालेण्डर प्रकाशन | ✓ | | | | | | | | | | | |
| ३. | का.स.मू.फारम भर्ने | | | | | ✓ | | | | | | | |
| ४. | प्रयोगशालाको व्यवस्था | ✓ | | | | | | | | | | | |
| ५. | पुस्तकालय/वाचनालयको व्यवस्थापन | ✓ | | | | | | | | | | | |
| ६. | कक्षाकोठाको व्यवस्थापन | ✓ | | | | | | | | | | | |
| ७. | विषयगत समिति गठन | ✓ | | | | | | | | | | | |
| ८. | सामाजिक लेखा परीक्षण | | | | | ✓ | | | | | | | |
| ९. | विद्यार्थीलाई जुकाको औषधि वितरण | | | | | | | | ✓ | | | | |
| १०. | अभिभावक भेला | ✓ | | | | | ✓ | | | | ✓ | | ✓ |
| ११. | बार्षिक समारोह तथा अभिभावक दिवस | | | | | | | | | | ✓ | | |
| १२. | स्टाफ बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १३. | एस.आइ.पि. निर्माण | | | | | ✓ | | | | | | | |
| १४. | शैक्षिक भ्रमण | | | | | | | | | | | | ✓ |
| १५. | विद्यार्थी शिक्षक वनभोज | | | | | | | | ✓ | | | | |
| १६. | अतिरिक्त क्रियाकलापको व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १७. | विद्यालय सरसफाइ अभियान | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १८. | प्राथमिक उपचार व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| १९. | पोषण तथा सन्तुलित आहार सम्बन्धि कार्यशाला | ✓ | | | | | | ✓ | | | | ✓ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गोष्ठी | | | | | | | | | | | | |
| २०. | बार्षिक पत्रिका प्रकाशन | | | | | | | | | | | | ✓ |
| २१. | नियमित स्वास्थ्य परीक्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २२. | वाल क्लव गठन | | | | ✓ | | | | | | | | |
| २३. | जुरेश/युरेश गठन | | | | ✓ | | | | | | | | |
| २४. | अतिरिक्त घण्टीको व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २५ | अंग्रेजी माध्यमबाट कक्षा सन्चालन तयारी | | | | | | | | | | | | ✓ |
| २६ | शुद्ध पिउने पानीको व्यवस्थापन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २७ | विद्यालय घेराबेरा निर्माण | | | | | | ✓ | | | | | | |
| २८ | विद्यार्थीलाई योग प्रशिक्षण | | | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| २९ | सदन अनुसार विद्यार्थी पोशाको व्यवस्था | | | | | | ✓ | | | | | | |
| ३० | ड्रम सेटको व्यवस्थापन | | | | | | | ✓ | | | | | |
| ३१ | हरित विद्यालय व्यवस्थापन | | | | | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

## ५.३ अनुगमन योजना

योजना गरिएका कार्यकलापहरू अपेक्षा गरिएको मापदण्ड र गुणस्तरमा सम्पन्न भए, नभएको यकिन गरी विद्यालय स्वयंले गर्न सक्ने कार्यहरू तय गरी निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका १९ : अनुगमन योजना**

| सि.नं. | कार्यकलाप | अनुगमन तथा समीक्षा प्रक्रिया | जिम्मेवारी | समयावधि | | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १.१ | क) विद्यार्थी भर्ना | प्र.अ., वि.व्य.स.र शि.अ.संघबाट | शिक्षक, अभिभावक, प्र.अ., वि.व्य.स.र शि.अ.संघ | बैशाख महिना | जेठको पहिलो हप्ता | भर्ना अभिलेख |
| | ख) विद्यार्थी हाजिरी र नियमितता | कक्षा शिक्षकद्वारा दैनिक हाजिरी, प्र.अ.बाट निरीक्षण अवलोकन | कक्षा शिक्षक, प्र.अ., शि.अ.संघ | दैनिक | दैनिक | मासिक औसत हाजिरी विश्लेषण |
| | ग) विद्यार्थीहरुको पोशाकको नियमितता | कक्षा शिक्षकबाट दैनिक अनुगमन र निर्देशन | शिक्षक, अभिभावक, प्र.अ.र सुरक्षा गार्ड | दैनिक | दैनिक | पोशाक लगाए नलगाएको अवलोकन (सि सि क्यामेराबाट समेत) |
| | घ) विद्यार्थीहरुको कक्षाकार्य र गृहकार्यको नियमितता | विषय शिक्षकहरुबाट अभ्यास पुस्तिका परीक्षण | शिक्षक, प्र.अ. | विद्यालय खुलेको दिन | पढाइ हुने दिन | अभ्यास पुस्तिका अवलोकन/विद्यार्थी पोर्टफोलियो |
| | ङ) अतिरिक्त क्रियाकलापहरुको निरन्तरता | सम्बन्धित विज्ञ शिक्षकहरुबाट निरीक्षण र निर्देशन | शिक्षक, प्र.अ., अ. क्रि. उपसमिति | साप्ताहिक | साप्ताहिक | साप्ताहिक कार्यक्रम अवलोकन/विद्यार्थी पोर्टफोलियो |
| | च) विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रगति | विषय शिक्षकबाट निर्माणात्मक र निदानात्मक मुल्याङ्कन | विषय शिक्षक | निरन्तर | निरन्तर | निरन्तर मुल्याङ्कन प्रक्रियाद्वारा/विद्यार्थी पोर्टफोलियो |
| | छ) विद्यार्थी उत्तीर्ण प्रतिशतमा बृद्धि | सम्बन्धित शिक्षक र प्र.अ.बाट निर्णयात्मक मुल्याङ्कन | शिक्षक, प्र.अ. | पहिलो त्रैमासिक परीक्षा | शैक्षिक सत्रको अन्त्य | निरन्तर मुल्याङ्कन तथा बार्षिक मुल्याङ्कन |
| १.२ | क)शिक्षक नियमितता | दैनिक १० र ४ विद्युतीय हाजिरी | प्र.अ.,वि.व्य.स., शि.अ.संघ, स्थानीय | विद्यालय खुलेको दिन | विद्यालय खुलेको दिन | विद्युतीय हाजिरी तथा शिक्षक हाजिरी रजिष्टर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सरकार | | | |
| | ख) शिक्षक तालिमको व्यवस्था | विद्यालय व्यवस्थापन समितिले विद्यालयमा के कति तालिम अप्राप्त शिक्षक छन् सो को जानकारी सम्बन्धित निकायमा गराउने र खटाएका शिक्षकलाई तालिममा पठाउने | प्र.अ., वि.व्य.स., स्थानीय सरकार | बर्षको २ पटक | बर्षको ४ पटक | तालिमको प्रमाणपत्र |
| | ग) शिक्षक पोशाकको नियमितता | दैनिक विद्यालय पोशाक लगाए नलगाएको प्र.अ., वि.व्य.स.,शि.अ.संघ र स्थानीय सरकारद्वारा अनुगमन | प्र.अ., वि.व्य.स.,शि.अ.संघ र स्थानीय सरकार | दैनिक/तोकेबमोजिम | दैनिक/तोकेब मोजिम | अवलोकन |
| | घ) विद्यालय बार्षिक कार्यपात्रो निर्माण | प्र.अ.द्वारा निर्माण गरी लागू गरे नगरेको वि.व्य.स., र स्थानीय सरकारद्वारा अनुगमन | वि.व्य.स.,शि.अ.संघ र स्थानीय सरकार | शैक्षिकसत्रको शुरुमा | - | विद्यालयको बार्षिक कार्यपात्रो |
| | ङ) बार्षिक शैक्षणिक योजना | शिक्षकहरुले तयार गरे नगरेको प्र.अ., वि.व्य.स.,शि.अ.संघद्वारा अनुगमन गर्ने | प्र.अ., वि.व्य.स., शि.अ.संघ | शैक्षिकसत्रको शुरुमा | - | बार्षिक शैक्षणिक योजना |
| | च)पाठयोजना सहितको विषय शिक्षकको उपस्थिति | प्र.अ.द्वारा अनुगमन गर्ने | प्र.अ. | विद्यालय खुलेको दिन | विद्यालय खुलेको दिन | शिक्षकले तयार पारेको पाठयोजना/शिक्षक डायरी |
| १.३ | स्थानीय शैक्षिक सामग्रीहरुको तयारी र प्रयोग | शैक्षिक सामग्री तयारी र प्रयोगको समयसमयमा अवलोकनका साथै नियमित बैठकमा समिक्षा गर्ने | शिक्षक, प्र.अ.र वि.व्य.स. | शैक्षिकसत्रको शुरुदेखि | आवश्यकता अनुसार | शैक्षिक सामग्री प्रयोग अवलोकन |
| | | | | | | |

# विद्यालय सुधार योजना
# (SIP)
# स्थानीय विपद् व्यवस्थापन योजना

## पञ्चवर्षिय योजना २०७९
## (२०७९ सालदेखि २०८३ सालसम्म)

## श्री जनज्योति माध्यमिक विद्यालय फोस्रेटार
**कमलामाई ५, सिन्धुली**

# कृतज्ञता ज्ञापन

नेपालमा विपद् व्यवस्थापनका लागि राष्ट्रिय तहका नीति, रणनीति तथा कार्यक्रम तयार भइरहेको वर्तमान समयमा जिल्ला र नगर/गाउँ पालिकाका योजना तथा कार्यक्रम तयारीका लागि स्थानीय विकास मन्त्रालयले तयार गरेको *स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८* अनुसार सिन्धुली जिल्लाको श्री जनज्योति मा. वि. फोस्रेटार सिन्धुलीले विद्यालय विपद् जोखिम व्यवस्थापन योजना २०७९ तयार गर्ने कार्य सम्पन्न गरेको छ । श्री जनज्योति मा.वि फोस्रेटार कमलामाई नगरपालिका वडा नं. ५ मा अवस्थित छ । पुर्वमा ढुङ्ग्रेबास , पश्चिममा मरिण , उत्तर चियाबारी, दक्षिणमा सिलामे रहेको छ । विपद्का दृष्टिले यो विद्यालय उच्च जोखिममा रहेको छ । यस विद्यालयको सेवाक्षेत्रका अधिकांस भागमा राजपानी र आहालेको चुरे क्षेत्रबाट आएको राजपानी खहरे खोलाको कारण यसलाई सधैं संकटाभिमुख बनाएको छ । विपद् व्यवस्थापनका विभिन्न चरणमा विद्यालयलाई सुरक्षित बनाउन गरिने कामहरूलाई ब्यवस्थित गर्न विपद् पूर्व गर्नु पर्ने पूर्वतयारी, विपद् आइरहेकै अवस्था र विपद्पछि वा स्थिति सामान्य भइसकेपछि गर्ने कार्यलाई समेत समेटेर सुरक्षित विद्यालय निर्माणमा समुदाय स्तरबाट पहल गरी योजना निर्माण तथा कार्यान्वयनका लागि यो योजना तर्जुमा गरिएको छ । सेवा क्षेत्रको स्थानीय स्तरमा परम्परागत ज्ञान , सीप , धारणा र आधुनिक प्रविधिको समेत प्रयोग गरी विद्यालय तथा वरिपरि समुदायको प्रत्यक्ष सहभागितामा जोखिम पहिचान गरी पूर्वतयारी तथा न्यूनिकरणका कार्यहरु थालनी गर्नु र विपद्बाट उत्पन्न असहज अवस्थामा मानव जीवनको रक्षा गर्नु यस योजनाको प्रमुख लक्ष्य भएकोले विपद् ब्यवस्थापनमा यसको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ विपद्का विगतका अनुभवका आधारमा विपद् ब्यवस्थापनका हरेक चरणमा र मानवीय सीप तथा क्षमता अभिवृद्धिलाई व्यवस्थित बनाउन यो योजना महत्वपूर्ण देखिएकोले श्री जनज्योति मा.वि. फोस्रेटार, सिन्धुलीले यो योजनातर्जुमा गरेको छ ।

यो योजना तर्जुमाका लागि आर्थिक तथा प्राविधिक सहयोग स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समिति, पि.टि.ए., विद्यालयका शिक्षकहरु, अभिभावक, विद्यार्थी, स्थानीय संघसंस्था तथा बुद्धिजीविहरुमा हार्दिक आभार ब्यक्त गर्दै कृत्तज्ञता ज्ञापन गर्दछु । साथै योजना कार्यान्वयनका लागि सबै क्षेत्रबाट सहयोगको अपेक्षा समेत राखेको छु ।

धन्यवाद

२०७९, भदौ

.................................

(पूर्ण बहादुर खड्का)

वडाध्यक्ष कनपा ५

श्री जनज्योति मा.वि. फोस्रेटार, सिन्धुली

# खण्ड - १ : परिचय

## १.१ पृष्ठभूमि

दिन प्रतिदिन बढ्दै गइरहेको विपद्का घटना र यसले निम्त्याएको समस्याबाट मुक्त पाउनका लागि वर्तमान समयमा विपद्को सामना गर्ने क्षमताको विकास राष्ट्रिय र स्थानीय आवश्यकताको रूपमा देखा परेको छ। शिक्षा क्षेत्रमा विपद्को प्रभावलाई हेर्ने हो भने यो झन जटील र अप्ठचारो परिस्थितिबाट गुज्रिरहेको छ। विभिन्न प्रकाशित तथ्यांकलाई नियाल्ने हो भने भूकम्पका दृष्टिले ६५ प्रतिशत  विद्यालय  भवन उच्च जोखिममा रहेको देखिन्छ, जल उत्पन्न प्रकोपको प्रभाव सोझै पर्ने धेरै विद्यालय छन् र बाढीपहिरो पछि विस्थापित परिवारहरुलाई आस्रय दिनुपर्ने बाध्यता रहेको छ, यसैगरी अधिकांश जस्तापाताले छाईएका विद्यालयको छाना सानो हुरीले उडाउने गरेको तथ्य जगजाहेर रहेको छ भने विशेष तथा अशक्त बालबालिकाहरु अझ बढी प्रभावित हुने गरेको पाईन्छ। अन्तर्राष्ट्रिय स्तरमा शिक्षा क्षेत्रमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यलाई जोड दिने र विद्यालय  मार्फत शिक्षा र चेतना जगाई सुरक्षित संस्कृतिको विकास गर्ने र सुरक्षित  विद्यालय  तर्फ उन्मुख हुने र सोही अनुसार लक्ष्य, उद्धेश्य र कार्यनीति तयार गरी अगाडी बढ्ने सबै मुलुकको प्रतिबद्धता ह्योगो कार्यसंरचना र बैंकक एजेण्डामा उल्लेख भएपनि राष्ट्रिय स्तरमा यो कार्य कछुवाकै गतिमा अगाडी बढेको छ। आपत्कालीन अवस्थामा शिक्षालाई निरन्तरता प्रदान गर्न शिक्षा क्षेत्रको आपतकालिन योजना राष्ट्रिय तहमा निर्माण भएपनि जिल्ला र विद्यालय तहमा यसबारे अनभिज्ञता रहेको छ। शिक्षा क्षेत्रमा विशेष गरी  विद्यालय  भवन, स्थान र अन्य संरचनालाई सुरक्षित बनाउने तथा  विद्यालय  मार्फत विपद् जोखिम न्यूनिकरण शिक्षालाई अगाडी बढाई समुदायमा विपद्का कारण निम्तिने समस्यालाई प्रत्यक्ष रुपमा सम्बोधन गर्न सक्ने क्षमताको विकास गरी राष्ट्रिय क्षमतामा समेत सकारात्मक सहयोग गर्न सम्पुर्ण क्षेत्रमा योजनाबद्ध विकास अगाडी बढ्नु पर्ने देखिन्छ। शिक्षाको राष्ट्रिय उद्धेश्य, विपद् जोखिम न्यूनिकरण सम्बन्धि रोडम्याप, विभिन्न समयमा बनेका योजनाहरु आपत्कालिन अवस्थामा शिक्षालाई निरन्तरता प्रदान गर्न  विद्यालय  तहबाट तर्जुमा भएको योजना मार्फत  विद्यालय  र त्यसमा रहेका बालबालिका तथा सम्बद्ध पक्षहरुलाई सुरक्षित रहेको महसुस गर्ने वातावरण सिर्जना गर्न  विद्यालय  तहबाट बनेका सहभागितामूलक योजना निर्माण कार्य थालनि गरिएको छ।

नेपालमा विपद् व्यवस्थापनका लागि विद्यालय शिक्षा र बालबालिका मार्फत शिक्षा तथा चेतना जगाई सुरक्षित संस्कृतिको विकास गर्ने र विपद् उत्थानशिलतालाई बढावा दिन राष्ट्रिय तहका नीति, रणनीति तथा कार्यक्रम तयार भइरहेको वर्तमान सन्दर्भमा जिल्ला, नगरपालिका र विद्यालयका योजना तथा कार्यक्रम पनि गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालय तथा शिक्षा मन्त्रालयले तयार गरेका निर्देशिका तथा निर्देशनहरुको आधारमा तयार हुने क्रममा रहेका छन्। साथै नेपाल सरकारले वि.स २०७२ पौषमा विद्यालय विपद् तयारी सम्वन्धी विद्यालय योजना अध्यावधिक सन्दर्भ सामाग्री प्रकासित गरि आगामि  वर्ष वाट अध्यावधिक गरिने विद्यालय सुधार योजनामा अनिवार्य विपद् व्यवस्थापन लाई समेट्नु पर्ने व्यवस्था भएकोले सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं.५ मा रहेको श्री जनज्योति माध्यामिक विद्यालय फोस्रेटारले तयार गरेको यो विद्यालय  स्तरीय विपद् जोखिम व्यवस्थापन योजना समुदायमा विद्यालयले गरेको पहिलो प्रयास र सबै सरोकारवालाहरुको साझा प्रतिफल हो।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरूलाई ब्यवस्थित गर्न विपद्पूर्व गर्नु पर्ने पूर्वतयारी, विपद् आइरहेकै अवस्था र विपद्पछि वा स्थिति सामान्य भइसकेपछि गर्ने कार्यलाई समेत समेटेर सुरक्षित विद्यालय  र समुदाय निर्माणमा  विद्यालय स्तरबाट पहल गरी योजना निर्माण तथा कार्यान्वयनका लागि यो योजना तर्जुमा गरिएको छ।  विद्यालय  र स्थानिय स्तरमा रहेका परम्परागत ज्ञान सीप धारणा र आधुनिक प्रविधिको समेत प्रयोग गरी स्थानिय समुदाय र बालबालिकाको प्रत्यक्ष सहभागितामा जोखिम पहिचान गरी पूर्वतयारी तथा न्यूनिकरणका कार्यहरु थालनी गर्नु र विपद्बाट उत्पन्न असहज अवस्थामा मानव जीवनको रक्षा गर्नु, विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिनु र सुरक्षित  विद्यालय तर्फ अग्रसर रहनु यस योजनाको प्रमुख लक्ष्य भएकोले विपद् व्यवस्थापनमा यसको महत्वपूर्ण भूमिका रहन्छ। तसर्थ विपद्का विगतका अनुभवका आधारमा विपद व्यवस्थापनका हरेका चरणमा र मानवीय सीप तथा

क्षमता अभिवृद्धिलाई व्यवस्थित बनाउन यो योजना महत्वपूर्ण देखिएकोले श्री जनज्योति माध्यमिक विद्यालय फोस्रेटार सिन्धुलीले यो योजना तर्जुमा गरेको छ ।

शिक्षक शिक्षिकाले विद्यालयको अध्यापन सम्वन्धी तालिम प्राप्त गरेता पनि विपद् व्यवस्थापन संम्वन्धित तालिम लिएको शिक्षकको कमी रहेकोले यस योजना तर्जुमा सगै शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र समुदायको समेत प्रतिनिधित्व हुने गरि तालिमको आययोजना गरि योजना तर्जुमाको सीपसमेत प्रदान गरि प्रत्यक्ष उनिहरुको सहभागीतामा  योजना तर्जुमा गरिएको छ । यस विद्यालयमा सम्पूर्ण कक्षाहरु बालमैत्री रुपले भय रहित शिक्षण गराउनको लागि कोठा संख्या अपर्याप्त भएकोमा केहि कोठाहरु थप गरी वरिपरी घेरावार लगाई विज्ञान प्रयोगशाला प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने  साथै उच्च शिक्षा हासिल गर्न काठमान्डौ , सिन्धुली जानुपर्ने समस्या समाधान गरी सवैमा उच्च शिक्षाको पहुँच पुर्‍याउने उदेश्य भएतापनि २०७२ सालको विनासकारि भुकम्पले पुरानो  भवनहरुलाइ क्षति पुर्‍याएकोले भुकम्प प्रतिरोधी विद्यालयको भवन निर्माण गर्न आवश्यक रहेको देखिन्छ । हाल पनि ०७२ सालको विनाशकारी भुकम्पको कारणले गर्दा खेरी अस्थायी सिकाइ केन्द्रमा बालबालिकाहरु अध्ययन गरी राखेको कारणले चैत्र बैशाखको हुरी बतासले बालबालिकाहरुलाइ धेरै प्रभाव पार्ने देखिन्छ ।

## १.२ योजनाको उद्देश्य :

विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित  विद्यालयको निर्माण गर्नका लागि  विद्यालयको  विद्यालय सुधार योजना (SIP) र  विद्यालय क्षेत्र पुनर्निर्माण योजना (SSRP) र वार्षिक कार्यक्रममा समेत मुल प्रवाहिकरण गरी  विद्यालयको दिगो विकास र बालबालिका तथा विद्यालयमा आवद्ध शिक्षक, कर्मचारी, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरु सुरक्षित भएको महसुस गर्न र ठुला विपद्का घटना घट्दा पनि शिक्षाको सुनिश्चितताका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा अन्य क्षेत्रमा भए गरेका कार्यलाई मध्यनजर गरी तर्जुमा गरिएको यस योजनाको मूल उद्देश्य विपदपूर्व, विपद्का समयमा र विपद् पश्चात मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणालि, न्यूनिकरण, रोकथाम कार्य गर्नु र प्रभावित  विद्यालय  तथा समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग तथा शिक्षालाई निरन्तरता प्रदान गर्नु रहेको छ भने यस योजनाका पूरक उद्देश्यहरु निम्न छन् :

- विपद् सम्बन्धि न्युनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी  विद्यालय  स्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्नु ।
- विद्यालयमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेषण गर्नु ।
- विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रमसहितको योजना तर्जुमा गर्नु ।
- विद्यालय  र बालबालिका मार्फत विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु ।
- विपद्सँग सामना गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने ।
- विद्यालय  शिक्षामा विपद् जोखिम न्यूनिकरण शिक्षालाई समाहित गरी सुरक्षित संस्कृति निर्माण गर्ने ।
- विद्यालय  सञ्चालनका समयमा विपदका घटना घटेमा तत्काल बालबालिकालाई उद्धार गरी सुरक्षित स्थानमा लैजाने र यसका लागि बारम्बार अभ्यास गर्ने ।
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवा प्रदान गर्नु ।
- विपद् व्यवस्थापनका लागि दक्ष जनशक्ति उत्पादन गरी समुदायमा शिक्षा तथा चेतना जगाई सुरक्षित  विद्यालय  र समुदाय स्थापनाका लागि योगदान पुर्‍याउनु ।
- विद्यालय मा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरी बालबालिकाका माध्यमबाट जोखिम न्यूनीकरण शिक्षालाई प्रबर्द्धन गर्ने ।

## १.३ **योजनाको आवश्यकता तथा महत्व**

विद्यालय स्तरमा गरिने विपद् व्यवस्थापनका कार्यहरुलाई ब्यवस्थित गर्नका लागि विद्यालय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रुपमा निरन्तर रुपमा यो योजना कार्यान्वयन हुन्छ । विद्यालय मा रहेका बालबालिका, शिक्षक, विद्यालय व्यवस्थापन समिति सम्पुर्ण समुदायको अभिन्न अंग रहेको र विपद्को घटना मानव समुदायका लागि संवेदनशील भएकोले यस्तो अवस्था नआओस् भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् ब्यवस्थापन कार्यसँग समायोजन गरी दिगो विकासका क्रियाकलापमा विद्यालयको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यस योजनाले महत्वपूर्ण स्थान ओगटेको हुन्छ जसले गर्दा यस योजनाको निकै ठूलो महत्व रहेको छ । यसका साथै विद्यालय स्तरीय विपद् जोखिम ब्यवस्थापन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टी गर्दछ :

- विद्यालय स्तरमा संस्थागत संरचना तयार हुने ।
- विद्यालय को विपद् जोखिम न्युनिकरण सूचनासम्म पहुँच रहने ।
- विद्यालय को खतरा जोखिम तथा क्षमता विश्लेषणमा बालबालिका तथा सरोकारवालाहरुको सहभागिता ।
- विद्यालय मा विपद् पूर्वतयारी/प्रतिक्रिया समूहहरु निर्माण हुने ।
- विद्यालय स्तरमा विपद् जोखिम न्युनिकरण योजना तर्जुमा हुने ।
- विद्यालय स्तरमा विपद् जोखिम न्युनिकरणका कार्यहरुको थालनी हुने ।
- विद्यालय स्तरमा विपद् जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गरिने ।
- विद्यालयमा आधारित पूर्वचेतावनी प्रणालीहरुको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्धत पुग्ने ।
- यस योजनाले विपदपूर्व, विपद्का समयमा र विपद् पश्चात बालबालिका र विद्यालयमा पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्धत पुऱ्याउँछ ।
- विद्यालयमा रहेका स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणालि, न्यूनिकरण, रोकथाम कार्य गर्नु र प्रभावित विद्यालय र बालबालिकालाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउन सम्बन्धित निकायलाई जिम्मेवार बनाउँछ ।
- योजनाले विपद्को समयमा शिक्षाको निरन्तरता र अन्य सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न बालबालिकाले आवधिक अभ्यास गर्नुका साथै अन्य सरोकारवालाहरुसंग हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- विपद् प्रभावित बालबालिकालाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गरी विद्यालय लाई विपद्बाट हुने क्षति कम गर्न मार्गदर्शन प्रदान गर्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## १.४ **बजेट व्यवस्था**

- स्वीकृत योजनाले निर्धारण गरेका प्राथमिकता प्राप्त क्रियाकलाप सञ्चालनको लागि विद्यालय व्यवस्थापन समितिले आवश्यक बजेट विनियोजन गर्नेछ ।

- योजना कार्यान्वयनको लागि नगरपालिका, नगर विकास समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायसमेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ ।

### १.५ **योजना कार्यान्वयन**

- विद्यालय व्यवस्थापन समितिले स्वीकृत विपद् जोखिम व्यवस्थापन योजना विद्यालय स्तरीय विपद् व्यवस्थापन समितिमार्फत् कार्यान्वयन गराउन प्राथमिकता दिनेछ ।
- विद्यालय स्तरीय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्र एवं अन्य सरोकारवालाहरुको सहयोग लिई कार्यान्वयन गर्नु पर्नेछ ।

### १.६ **अनुगमन तथा मूल्याङ्कन**

- विद्यालय व्यवस्थापन समितिले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा विद्यालय स्तरीय विपद् व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।
- विद्यालयमा गठित सामाजिक परीक्षण तथा अनुगमन समितिले विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रमको प्रभावकारिता समेत मूल्याङ्कन गरी आवश्यकताअनुसार विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नु पर्नेछ ।
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्राथमिकता प्राप्त कार्यक्रम (Flagship Programme) बाट विद्यालयमा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि स्वीकृत गरिएका अनुगमन सूचकहरूबमोजिम अनुगमन तथा मूल्याङ्कन गरिने छ ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकाय, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय र नगरपालिकामा पेश गर्नेछ ।

### १.७ **योजनाको पुनरावलोकन तथा अध्यावधिक**

- विद्यालयमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनावलोकन गरी वार्षिक कार्यक्रम तथा योजना तयार गरिने छ ।
- विपद् जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक तीन वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अध्यावधिक गरिने छ ।

## खण्ड - २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

सिन्धुली जिल्लाको सदरमुकाम नजिकै रहेको यस श्री जनज्योति माध्यमिक विद्यालय फोस्रेटारको स्थापना २०२८ सालदेखि स्थानीय शिक्षाप्रेमी समाजसेवीहरुको सक्रियतामा पिपलको रुखमुनी गाउँघरका पढ्ने बेला भएका बालबालिकाहरु जम्मा गरी पढाउने कार्यबाट शुरु भयो । यसरी सबैको सक्रियता तथा लगनशीलताबाट वि.सं २०३१ सालमा प्रा.वि.तहको स्थायी स्वीकृति र २०४५ सालमा स्थानीय अभिभावकहरुसँग चन्दा उठाई नीजिस्रोतबाट मा.वि.तहको अनुमति प्राप्त गरी १० कक्षासम्म सञ्चालन हुँदै आएकोमा २०६० सालमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् शिक्षाप्रेमी श्री अम्वरदीप देवकोटाको विशेष सक्रियता, सहयोग र स्थानीय अभिभावकको तीब्र इच्छामा विद्यालयबाट संस्थापक, आजीवन सदस्य र संस्थापक विशिष्ट सदस्यता जारी गर्दै उठाइएका रकम विद्यालयको मुद्दती खातामा जम्मा गरी उच्च माध्यमिक शिक्षा परिषदबाट १०+२ (शिक्षा संकायतर्फ) स्वीकृत प्राप्त गर्न सकियो । यसै गरी उच्च माध्यमिक विद्यालयलाई वि.एड. सञ्चालन गर्न शिक्षाविद, वुद्धिजिवी एवम् समाजसेवीहरुको योगदानबाट २०६३ सालमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भयो । २०६७ सालमा एम.एड. पनि सञ्चालन गरी २०६८ सालमा सिटिइभिटीबाट अनुमति लिई १८ महिने कृषि जे.टि.ए. कक्षा,२०७१ भदौमा २९ महिने

बाली विज्ञान र २०७२ सालदेखि ३ वर्षे आइ.एस्सी. एजी. कक्षा र २०७५ सालमा १८ महिने पशु विज्ञान सञ्चालन भइरहेको छ ।

हाल यस विद्यालयको भौतिक सुधार तर्फ करिब २ विघा जमीनमा रहेको १० वटा भवन, ६६ वटा कोठाहरु मध्येमा २ कोठा शिक्षक स्टाफ, २ कोठा प्र.अ., २ कोठा कर्मचारी (लेखा), १ सभाहल, २ कोठा वौद्धिक अपाङ्गता कक्षा, १ कोठा बालकक्षा, १ कोठा कम्प्युटर कक्षा , २ कोठा स्टोर, २ कोठा विज्ञान प्रयोगशाला, १ कोठा गणित प्रयोगशाला, २ कोठा पुस्तकालय, १ कोठा तहगत संयोजक कक्ष, १ कोठा सहायक प्रअ.कक्ष, १ कोठा सूचना अधिकारी कक्ष, १ कोठा विव्यस.कक्ष, १ कोठा पाले कक्ष, १ कोठा अतिथि कक्ष, १ कोठा नेपाल जु.रे.सर्कल कोठा, बाल क्लव कोठा, र बाँकी सबै कोठाहरुमा कक्षा सञ्चालन भइरहेको छ । प्रा.वि., नि.मा.वि, मा.वि., र कृषि जेटिए १८ पशु विज्ञान १८ महिने र ३ वर्षे (I.SC.Ag) सहित **१५४८** विद्यार्थीहरुको लागि कक्षा सञ्चालन भइरहेको छ । विद्यार्थीहरुको अत्यधिक चापका कारणले गर्दा कक्षा सञ्चालन गर्दा सेक्सन खोली अध्ययन अध्यापन भइरहेका छन् । यसका लागि हामीलाई बढी कक्षाकोठाको आवश्यकता परिरहेको छ । विद्यार्थी संख्याको कारणले गर्दा गुणस्तरीय शिक्षाको अभाव विषयगत तथा कक्षागत औसतमा वृद्धि आउन सकिरहेको छैन । यसको लागि शिक्षक दरवन्दि थप्नुपर्ने र विद्यार्थीको चापको लागि आवश्यक शैक्षिक , भौतिक तथा व्यवस्थापन पक्षमा जोड दिनुपर्ने देखिन्छ । यिनै समस्यालाई मध्य नजर राखी यस विद्यालयमा एउटा सरस्वतीको मन्दिर, छात्राहरुलाई छात्रामैत्री ५ कोठाको शौचालय, छात्रहरुलाई एउटा छात्रमैत्री शौचालय र शिक्षक स्टाफहरुलाई ४ शौचालय, बालकक्षा एक शौचालय गरी जम्मा ११ शौचालय भएता पनि छात्रछात्राहरुको संख्या धेरै भएकाले छात्रछात्राहरुका लागि शौचालय अझ कमि भएको देखिन्छ ।

यति हुँदाहुँदै पनि विद्यार्थीको अत्यधिक चाप र खडेरीमा पानीको स्रोत सुक्ने गरेकोले पानीको पर्याप्त सुविधा प्रदान गर्न कठिनाइ परिरहेको अवस्था छ । कम्पाउण्ड पर्खाल को व्यवस्था नभएकोले विद्यालयको अगाडि खुला चौर भएकोले विपद्को अवस्थामा यस विद्यालयका विद्यार्थीहरु सुरक्षित स्थानमा भाग्न खासै समस्या देखिदैन । तर विद्यालयको कक्षाकोठाका ढोकाहरु एउटा मात्र हुनु, डेक्स र ब्रेन्चको बनावट एउटै हुनु, झ्यालमा डण्डिहरु राखिनु, ढोकाहरु भित्रपटिबाट खोलिने भएको कारणले आपतकालिन अवस्थामा विद्यार्थीहरु आत्तिई भाग्ने क्रममा दुर्घटना हुने सम्भावना धेरै देखिन्छ । सेवा क्षेत्रभित्र पटक पटक चट्टयाङको घटनाले क्षति पुऱ्याई राखेकोले यस विद्यालय भएका बालबालिकाहरु पनि अछुत रहन नसक्ने देखिन्छ । विद्यालयको भवन संरचनात्मक दृष्टिले पनि भूकम्पको धक्का आएमा त्यसबाट बच्न ढोका, झ्याल, डेक्सब्रेन्चको व्यवस्थापन उचित किसिमले आपतकालिन अवस्थामा सजिलै संग खुला चौरमा पुग्न सक्ने व्यवस्था मिलाउनु र समय समयमा आपतकालीन अवस्थामा सुरक्षित तथा खुला चौरमा भाग्न शिक्षक, विद्यार्थीहरुलाई उचित तालिमको व्यवस्था गर्नु देखिन्छ । पानी र शौचालयको ब्यवस्था भएपनि उचित ट्यांकी ब्यवस्थापनको अभावमा भुकम्पिय जोखिम बढेको छ भने बालबालिकामा सरसफाई देखिएपनि कक्षाकोठाको उचित सरसफाइको अभावमा केही रोगहरु फैलन सक्ने देखिन्छ । माथी उल्लेखित विवरणका आधारमा विपदका दृष्टिले यो विद्यालय उच्च जोखिममा रहेको छ ।

## २.१ संकटासन्नता विश्लेषण

यस विद्यालय सेवा क्षेत्रमा रहेका बालबालिकाहरुलाई शिक्षा दिन र उनिहरुको चौतर्फि विकास गर्न यस मा.वि.को प्रमुख लक्ष्य लिएर नै यस विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा संचालन गरेको देखिन्छ । पुर्व, पश्चिम र उत्तरतर्फ खहरे खोलाले विद्यालय सेवा क्षेत्र वरिपरि बाढीले दुःख दिइरहेको छ भने शुद्ध खानेपानी र मरिन राजपथका कारणले सडक दुर्घटनाको कारण वाल वालिकाको ज्यान लिने सम्भावना प्रवल देखिन्छ । यस विद्यालय मा ९ ओटा भवनमध्ये सबै भवनहरु देख्दा राम्रो देखिएपनि दुई वटा भवन २०७२ सालको महाभुकम्पले गाह्रो चर्केकोले यो भवन असुरक्षित रहेको देखिन्छ । छात्रा शौचालयको कमी भएकोले साना साना बालिकाहरु खुला ठाउँमा पिसाव फेर्नु पर्ने वाध्यताले गन्ध आउने र पढाइलाइ असर पारेको देखिन्छ । विद्यालयमा व्यवस्थित कम्पाउण्ड वाल नभएकोले

सामाजिक रुपले विद्यालय सुरक्षित नभएको देखिन्छ जसको कारणले गर्दा विभिन्न खाले मानिसहरु सजिलैसँग विद्यालय कम्पाउण्डमा प्रवेश गरी बालबालिकाहरुको पठनपाठनमा बाधा पारेको देखिन्छ । विपद्का दृष्टिले यस श्री जनज्योती मा. वि. फोस्रेटार विशेष गरी खहरे र चट्याङ्गले उच्च जोखिममा रहेका छन् । सेवा क्षेत्रभित्र पटक पटक आगलागि तथा चट्टयाङको घटनाले क्षति पुऱ्याई राखेको देखिन्छ त शहरीकरणले पनि सेवा क्षेत्रभित्र विपद्को सम्भावनालाइ थप बढाइ दिएको देखिन्छ । खहरे किनारमा अव्यबस्थित बस्ती बढ्दै गएका कारणले पनि वर्षातको समयमा बाढीले दुख दिने गरेको छ भने टाढाबाट पढ्न आउने विद्यार्थी वर्षायाममा आउन नसक्ने समस्याहरु उत्पन्न भएको पाइन्छ ।
यस विद्यालयमा विगतको विपद्को इतिहासलाई हेर्दा सडक दुर्घटना, बाढी, आगलागी, महामारी, भुकम्प, चट्याङ, हुरीबतास, आदी यहाँ हुने प्रमुख प्रकोप रहेका छन् । जसमध्ये सबैभन्दा बढी दुख दिने र बारम्बार आइरहने प्रकोपका रुपमा सडक दुर्घटना, बाढी, पहिरो, महामारी, चट्याङ नै रहेको तथ्य सहभागितात्मक तरीकाबाट पहिचान गरिएको छ र निम्न सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन तथा तालिकाहरुको प्रयोग गरी संकटासन्नताको **अवस्थालाई विश्लेषण गरिएको छ ।**

**क) कमलामाई नगरपालिका वडा नं.५ मा रहेको श्री जनज्योति मा.वि फोस्रेटार, सिन्धुलीको स्रोत, क्षमता तथा संकटासन्नता नक्सांकन**



| प्रकोप | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो |
| बाढीपहिरो | हरियो | पहेंलो | रातो | रातो | रातो | रातो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो |
| हुरीबतास | रातो | रातो | पहेंलो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो | पहेंलो | रातो |
| चटयाङ | रातो | रातो | रातो | रातो | रातो | रातो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | रातो | रातो |
| आगलागी | रातो | रातो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो | हरियो | पहेंलो | रातो |
| सडकदुर्घटना | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो |
| वन्यजन्तुको आक्रमण | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो | पहेंलो |
| करेन्ट | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो | रातो |

(स्रोत: समूह छलफल)

संकेत

| | |
|---|---|
| उच्च संकटासन्नता | रातो |
| मध्यम | पहेंलो |
| न्यून संकटासन्नता | हरियो |

## ग) प्रकोप स्तरीकरण

| प्रकोप | भुकम्प | बाढी पहिरो | हुरीबतास | चटयाङ | आगलागी | सडक दुर्घटना | वन्यजन्तुको आक्रमण | करेन्ट |
|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| बाढीपहिरो | | | बाढी पहिरो | बाढी पहिरो | बाढी पहिरो | बाढी पहिरो | बाढी पहिरो | बाढी पहिरो |
| हुरीबतास | | | | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास | हुरीबतास |
| चटयाङ | | | | | चटयाङ | चटयाङ | चटयाङ | चटयाङ |
| आगलागी | | | | | | सडक दुर्घटना | आगलागी | आगलागी |
| सडकदुर्घटना | | | | | | | सडकदुर्घटना | सडकदुर्घटना |
| वन्यजन्तुको आक्रमण | | | | | | | | करेन्ट |
| करेन्ट | | | | | | | | |
| **अंक भार** | ८ | ७ | ६ | ५ | ३ | ४ | १ | २ |
| **स्तरीकरण** | १ | २ | ३ | ४ | ६ | ५ | ८ | ७ |

## घ) विद्यालय को संरचनात्मक संकटासन्नता

यस विद्यालयमा १० वटा भवन संख्या रहेको छ जसमध्ये नयां भवन भुकम्प प्रतिरोधात्मक जस्तो देखिएपनि भवनमा पुर्ण भूकम्प प्रतिरोधी प्रविधि नजोडिएकाले भूकम्पीय दृष्टिले असुरक्षित अवस्थामा रहेको छ। भूकम्प प्रतिरोधी भवन नरहेकाले अपेक्षाकृत रुपमा बलियो देखिदैन। ४ वटा धेरै पुरानो ब्लक रहेकाले जिर्ण तथा असुरक्षित रहेको देखिन्छ। एउटा बालकक्षा भवनमा रहेको छात्रा शौचालय चर्किएको छ, जसलाइ विद्यालयले तत्काल त्यस ठाउँबाट नहटाएमा उच्च जोखिममा रहेको देखिन्छ। ४ वटा भवन जस्तापाताले बनेको हुनाले हावाहुरीले जस्तापाता उडाउन सक्ने, खानेपानी टचांकी समेत कमजोर रहेको देखिन्छ। विद्यालय क्षेत्रको पूर्व, पश्चिमी र उतरी क्षेत्र खहरे खोला रहेको जुन खहरे खोला चुरे क्षेत्रबाट पर्याप्त ढुङ्गा

बगाई दिनानुदिन खोला उक्सिने र कटान गरेर विद्यालय र विद्यालय आसपासमा रहेको गाउँ विपद्को दृष्टिकोणले यो विद्यालय अति संकटासन्नता अवस्था रहेको देखिन्छ । विद्यालयको एउटा भवन बाहेक सम्पुर्ण भवनहरुको ढोकाहरु भित्रबाट खोल्ने भएकाले भुकम्प आएको बेला विद्यार्थीहरु बाहिर निस्कनको लागि समस्यामा पर्ने सम्भावना रहेकाले कक्षा कोठा पनि अति जोखिममा रहेको देखिन्छ । प्राय जसो सबै कोठाका झ्याल पनि भित्र खुल्ने र अड्काउने व्यवस्था नभएको साथै डेक्सबेञ्च जोडिएर बनेकाले बालबालिका विद्यालयमा अध्ययन गरिरहेको बेलामा ठुलो विपद्को घटना घटेमा क्षति बढ्न सक्ने भएकाले संकटासन्नताको स्तर उच्च रहेको देखिन्छ । शौचालय, सरसफाइ तथा पानीको प्रवन्ध भएपनि जाने बाटोको राम्रो व्यबस्थापन नभएको कारणले दुर्घटना हुने सम्भावना बढेको देखिन्छ । विपद्का समयमा विद्यालय बाहिर आएर जम्मा हुने स्थान तालिमका अवसरमा पहिचान गरे पनि अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थाका लागि स्थानान्तरण योजना तयार भएको छैन जसका लागि सुरक्षित स्थान छनोट गरी अभ्यास गराउनुपर्ने र आपतकालीन अवस्थामा गरिने संकेतको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । भवनहरु भूकम्प प्रतिरोधी प्रविधि जोडेर निर्माण गर्नुपर्ने देखिन्छ । साथै विद्यालयको क्षेत्रको संरक्षण तथा हरियाली कायम गरि विद्यालयलाई सुरक्षित गराउनु पर्ने खाँचो रहेको छ ।

## २.२ विद्यालय को क्षमता विश्लेषण

सङ्कटासन्नता र जोखिमको सामना गर्न, जोखिम व्यवस्थापन गर्न समुदायसँग सामाजिक, आर्थिक, मानवीय, प्राकृतिक र भौतिक स्रोत तथा क्षमता विद्यमान छन् । यस क्षेत्रमा ठुलो भूकम्प वा बाढी वा अन्य कुनै घटनाबाट विपद्को अवस्था सिर्जना भएमा यस विद्यालय र वरपर भएका स्रोतसाधनहरुले थेग्न सक्ने अवस्था देखिदैन यस विद्यालयमा रहेको स्रोत तथा क्षमता, स्थानीय ज्ञान, सीप र प्रविधिको अवस्था विगतमा आएका विपद्का घटनाहरुलाई तुलनात्मक अध्ययन गरी हेर्दा विपद्का समयमा आवस्यक पर्ने दक्ष जनशक्ति, खोज तथा उद्धार सामग्री, विपद्का दृष्टिले बलियो संरचनाको अभाव, भएका संरचनाको केहि कमजोर अवस्था, प्राकृतिक स्रोतमाथीको अत्यधिक निर्भरता रहेको हुंदा भएका स्रोत तथा क्षमताको जगेर्ना गर्नुका साथै विपद्का दृष्टिले परीमार्जित तथा सुधार गर्नुपर्ने देखिएको छ ।

| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | भौगोलिक दूरी | विपद् जोखिम व्यवस्थापनका लागि सम्बन्धको महत्व तथा प्राप्त हुनसक्ने सहयोग |
|---|---|---|---|---|
| १ | नगर पालिका कार्यालय | क.न. पा. ६ | ३ किमि | समन्वय तथा सहयोग |
| २ | जिल्ला प्रहरि कार्यालय | क.न. पा. ६ | ४ कि मि | खोज तथा उदार र सुरक्षा |
| ३ | जिल्ला अस्पताल | क.न. पा. ६ | ४ कि मि | औषधि उपचार |
| ४ | पशुसेवा केन्द्र | क.न. पा. ६ | ४ मिटर | घाईते पशु उपचारमा सहयोग |
| ५ | विद्युत शाखा | क.न. पा. ६ | ५ किमि | विधुतिय शुरक्षा तथा जडान |
| ६ | ने.रे.सो.जिल्ला शाखा | क.न. पा. ६ | ४ कि.मि. | राहत तथा समन्वय |
| ७ | उपशाखा रेडक्रस सोसाईटी | क.न. पा. ४ | १ किमि | प्राथमिक उपचार/जनचेतना |
| ८. | ने.जुनियर रेडक्रस सर्कल | क.न. पा. ४ | विद्यालयमा | जनचेतना |

## २.३ जोखिम पहिचान तथा विश्लेषण :

यस श्री जनज्योति मा.वि.फोस्रेटारको विपद् जोखिम न्यूनीकरणका आवश्यक क्रियाकलाप निर्धारण गर्न सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरी विश्लेषण गरी जोखिमको आंकलन गर्नुका साथै सोही अनुसार जोखिम न्युनीकरणका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

यसविद्यालयको भौगोलिक अवस्था, भौतिक संरचनाहरु तथा भवनको अवस्था, विद्यार्थीहरुको उच्च संकटासन्नताको अवस्था, विद्यालय आउन खहरे खोला तथा गाडीको बाटोवाट आउनुपर्ने भएकोले

विद्‌यालय  तथा यहाँ रहेका बालबालिका, शिक्षक कर्मचारी तथा अन्य सरोकारवालाहरु जोखिममा पर्न सक्ने सम्भावना अत्यधिक रहेको छ । तसर्थ सम्भावित जोखिमलाई कम गरी विद्‌यालय  शिक्षालाई निरन्तरता प्रदान गर्न र सुरक्षित विद्‌यालय तथा बालबालिकाका माध्यमबाट सुरक्षित समुदाय निर्माणका लागि बालबालिकाको सहभागितामा निम्न क्रियाकलापहरु गर्नुपर्ने देखिन्छ ।

- प्रकोप सचेतना अभियान,
- विधालयमा बालक्लव निर्माण र जोखिम पहिचान तथा नक्सांकन,
- खोज, उद्दार तथा प्राथमिक उपचार तालिम,
- संकटाभिमुखता तथा क्षमता विश्लेषण तथा अद्यावधिक,
- विद्‌यालयमा विपद्‌मा भाग्न सक्ने कम्पाउण्ड पर्खाल
- छुट्टै अपांग तथा वाल मैत्री भवन निर्माण
- विद्‌यालय वरपर रहेको बाढी नियन्त्रणका लागि तार जाली भर्ने, विद्‌यालयमा सुकेका रुखहरुलाइ व्यवस्थापन गर्ने, खोला किनार तटबन्ध, वायो इन्जिनियरिङ कार्य, वृक्षारोपण तथा वन संरक्षण कार्य र जलवायु परिवर्तन तालिम,
- समुदायमा विपद्‌ सचेतना गोष्ठी,
- सुचना शिक्षा तथा संचार सामाग्रीहरु होडिङ बोड, पोष्टर पम्प्लेट, दृष्य सामग्री, हाते पुस्तिका तयार, पत्रपत्रिकामा सन्देश प्रकाशनजस्ता क्रियाकलापहरु
- विद्‌यालय हरुमा चित्रकला, सांस्कृतिक कार्यक्रम, प्रकोप सम्बन्धि राष्ट्रिय अन्तराष्ट्रिय दिवस मनाउने स्थानिय पाठ्यक्रम निर्माण तथा विदेयालयले आफनो विद्‌यालय सुधार योजना निमार्ण गर्दा समेत विपद्‌ ब्यवस्थापन समावेस गरी अतिरिक्त क्रियाकलाप सञ्चालन
- त्रैमासिक बैठक, वार्षिक भेला तथा योजना समिक्षा गोष्ठी
- विद्‌यालयको भुकम्प प्रतिरोधी नमुना भवन निर्माण
- समन्वय तथा अभ्यास
- आपतकालीन आश्रय स्थलको पहिचान तथा स्थानान्तरण योजना निर्माण
- आपतकालीन अवस्थाका लागि राहत सामाग्रीको ब्यवस्था
- आवश्यक क्रियाकलाप सहितको योजना निर्माण र स्थानिय निकायको पहलमा कार्यान्वयन
- योजना अनुसार कार्यान्वयन हुने कार्यको अनुगमन
- स्रोतको खोजी र ब्यवस्थापन ।

२.४ कोभिड १९ माहामारीबाट बच्ने उपाय र यसको व्यवस्थापन योजना

सरोकारवाला पक्षहरुलाई तपसिल अनुसारको जनचेतना अभिवृद्धि हुने कार्यक्रम गर्ने

- साबुन पानीले राम्ररी मिचिमिचि हात धुने
- सेनिटाइजरको प्रयोग गर्ने
- भौतिक दुरी कायम गर्ने
- मास्कको प्रयोग गर्ने
- भिडभाडमा नजाने जानु परे स्वास्थ्य सुरक्षा अपनाउने

यस माहामारीको कारणबाट विद्यालयको पठनपाठनमा परेको असरलाई न्यूनिकरण गर्नको लागि तपसिलका उपायहरु अवलम्बन गरिने छ :

- बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम (रेडियो पाठशाला लगायत)
- गृहकार्य प्याकेजको व्यवस्था गर्ने
- सानो सानो समूहमा शिक्षण गर्ने

* स्वास्थ्य मापदण्ड अवलम्बन गरी विद्यालयमा अभिमुखीकरण गर्ने आदि ।

## ३. विपद् जोखिम व्यवस्थापन योजना

यस विद्‌यालयको विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, सबल भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, जीविकोपार्जनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा सुरक्षित विद्‌यालय व्यवस्थापन कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्ने जस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर विद्‌यालय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्न बमोजिमको ढाँचामा प्रथामिकीकरण गरी प्रस्तुत गरिएको छ ।
साथै यस विद्यालयले **बृहत विद्यालय सुरक्षा कार्ययोजना २०७९ (Comprehensive School Safety Action Plan)** तयार गरि सो अनुसार गर्ने गराउने व्यवस्था गरेको छ ।

## विद्यालयको आपतकालिन स्थानान्तरण योजना :




### ३.१ विपद् जोखिम न्यूनीकरण र पूर्वतयारी योजना

विपद्‌को सङ्‌कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्यधिक जोखिम रहेको विद्‌यालयको पूर्व, पश्चिम र उत्तरा भागमा खहरे खोलाले निम्त्याउन सक्ने विपद्, विद्‌यालयको भौगोलिक अवस्था, भौतिक संरचनाहरु तथा भवनको अवस्था विद्यार्थीहरु विद्‌यालय आउन जान लाग्ने समय, खोला तथा गाडीको बाटोवाट आउनुपर्ने अवस्थालाई मध्यनजर गर्दा विद्‌यालय तथा यहाँ रहेका बालबालिका, शिक्षक कर्मचारी तथा अन्य सरोकारवालाहरु जोखिममा पर्न सक्ने सम्भावना अत्यधिक रहेको छ ।
प्राय जसो सबै कोठाका झ्याल ढोका भित्र खुल्ने र अड्‌काउने व्यवस्था नभएको साथै डेक्सबेञ्च जोडिएर बनेका तथा साना भएकाले बालबालिका विद्‌यालयमा अध्ययन गरिरहेको बेलामा ठुलो विपद्‌को घटना

घटेमा क्षति बढ्न सक्ने भएकाले संकटासन्नताको स्तर उच्च रहेको देखिन्छ । त्यसै गरी वाल कक्षाकोठा सुरक्षित देखिएपनि सबै भन्दा माथिल्लो भागमा रहेकाले विपद्मा अप्ठयारो अवस्था आउन सक्ने देखिन्छ । छात्रा शौचालय अलग्गै भएतापनि सरसफाइ तथा पानीको राम्रो प्रवन्ध नभएका कारण महामारी फैलन सक्ने अवस्था तीव्र देखिन्छ । विपद्का समयमा विद्यालय बाहिर आएर जम्मा हुने स्थान तालिमका अवसरमा पहिचान गरे पनि अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थाका लागि स्थानान्तरण योजना तयार भएको छैन जसका लागि सुरक्षित स्थान छनोट गरी अभ्यास गराउनुपर्ने र आपतकालीन अवस्थामा गरिने संकेतको व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

विद्यालयमा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियाकलापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डमा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ३.२ जनचेतना तथा क्षमता अभिवृद्धि :

यस श्री जनज्योति मा.वि.ले विद्यालय तथा सेवा क्षेत्रमा विपद्प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई निम्न बमोजिमको ढाँचामा प्राथमिकता क्रमअनुसार उल्लेख गरिएको छ ।

| प्राथमिकता क्रम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | बालकेन्द्रित विपद् जोखिम न्यूनिकरण तथा सुरक्षित विद्यालय सम्बन्धि अभिमूखिकरण | विद्यालय विपद् व्य.स. र वि.व्य.स., ने.रे.सो. प्लान इन्टरनेश्नल | ✓ | ✓ | पहिलो वर्ष |
| २ | विद्यालय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा तालिम | विद्यालय, प्लान नेपाल , ने.रे.सो | ✓ | ✓ | पहिलो वर्ष |
| ३ | खोज उद्दार तथा प्राथमिक उपचार तालिम | प्लान इन्टरनेश्नल, ने.रे.सो | ✓ | ✓ | पहिलो वर्ष |
| ४ | सुरक्षित विद्यालय सम्बन्धि चित्रकला, निबन्ध, कविता, कथा प्रतियोगिता | विद्यालय | ✓ | ✓ | पहिलो |
| ५ | होडिङ बोर्ड, पर्चा पोष्टर | विद्यालय,प्लान,ने.रे.सो. | ✓ | ✓ | पहिलो |
| ६ | भित्ते पत्रिका प्रकाशन | विद्यालय विपद् व्य.स., जु.रे.स. | ✓ | ✓ | निरन्तर |
| ७ | बालबालिकाहरुले बनाएका चित्रहरु पत्रपत्रिकामा प्रकाशन गर्ने | जु.रे.स. क्लब | ✓ | ✓ | साप्ताहिक |
| ८ | सडक नाटक | विद्यालय | ✓ | ✓ | बार्षिक |

### ३.३ जोखिम न्यूनीकरण

यस विद्यालय भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्नका लागि गर्नुपर्ने कार्यलाई निम्न बमोजिमको खाकामा प्राथमिकता क्रममा उल्लेख गरिएको छ । यसमा विद्यालय सुरक्षित बनाउन छलफल, बैठक, विद्यालय शिक्षक कर्मचारी विद्यार्थी तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि, भवन प्रवलिकरण, विद्यालय वरिपरि वृक्षरोपण, सुरक्षित स्थान छनोट, संरचनात्मक तथा गैरसंरचनात्मक सामग्रीको व्यवस्थापन, निरन्तर अभ्यास अन्य प्राकृतिक स्रोतको संरक्षण, खहरेमा ग्याविन जाली भर्ने वा तटबन्धजस्ता क्रियाकलापहरूलाई प्राथमिकताक्रम अनुसार उल्लेख गरिएको छ ।

## जोखिम न्यूनीकरण

| क्र म | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भुकम्प | विपद् सम्बन्धि विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी तथा वि.व्य.स., पि.टि.ए. बीच छलफल/बैठक | विद्यालय विपद व्यवस्थापन समिति, विद्यालय | ✓ | | पहिलो वर्ष |
| | भुकम्प | विपद् जोखिम न्यूनिकरण सम्बन्धि तालिममा विद्यालय परिवारका सरोकारवालाहरुको क्षमता अभिवृद्धि | विद्यालय | ✓ | ✓ | पहिलो वर्ष |
